जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २९७ • २०७९ साल चैत १० गते शुक्रबार (24 March, Friday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मधेश प्रदेशको सभामुख कांग्रेसको लक्ष्य

**टुडे समाचारदाता**

जनकपुरधाम ।केन्द्रमा बनेको नयाँ गठबन्धनको कारण प्रदेशमा एमाले सरकार हटाउने क्रमसँगै मधेश प्रदेशमा कांग्रेसले सभामुख पदलाई लक्ष्य बनाएको छ ।

जनता समाजवादी पार्टी( जसपा)का नेता सरोज कुमार यादवको नेतृत्वमा एमाले सम्मिलित सरकार रहेको छ । एमालेले सरकारबाट नहट्ने प्रतिक्रिया जनाइसकेको छ। अन्य प्रदेशमा एमालेलाई हटाउने क्रम सुरु भइसकेकाले मधेश प्रदेशमा पनि हटाइने नेकांका नेताहरुले जनाएका छन् ।

**कांग्रेसबाट सभामुखका उम्मेदवार बनेका जंगीलाल यादवले लविंग सुरु गरिसकेका छन् ।**

मधेश प्रदेश सभामा एमालेका २३ जना सभासद छन् । त्यति सभासदको भरमा सभामुख राख्न नसकिने कांग्रेसका नेताहरुले जोड दिएका छन् । एमालेबाट सभामुख बनेका रामचन्द्र मण्डललाई पदीय मर्यादा अनुकूलको आचरण नगरेको अभियोग लगाउने आन्तरिक तयारीमा कांग्रेस जुटेको छ । अभियोग लगाउनु अगावै सभामुखले राजीनामा दिने एमाले स्रोतले जनाएका छन् ।

सभामुख हटाउन प्रदेश सभामा चाहिने २ तिहाई भन्दा धेरै बढी संख्या विपक्षमा रहेकाले सामना गर्न मुश्किल रहेको एमालेका नेताहरुको कथन छ । सभामुखलाई हाल सम्म हटाइएको घटना नेपालमा नभएको उल्लेख गर्दै एमालेका नेताहरुले सत्तागठबन्धनले यहाँ पनि त्यसो नगर्ने विश्वास व्यक्त गरेका छन् ।

कांग्रेसबाट सभामुखका उम्मेदवार बनेका जंगीलाल यादवले लविंग सुरु गरिसकेका छन् । स्रोतका अनुसार उनले यस विषयमा जसपाका अध्यक्ष उपेन्द्र यादवसित भेटेर छलफल गरिसकेका छन् ।

आगामी हप्ता मधेश प्रदेश सरकारमा समेत उथलपुथल हुन सक्ने स्रोतहरुले जनाएका छन् । एमालेलाई हटाएर सरकारमा कांग्रेस र नेकपा एसलाई सहभागी गराइने नेताहरुले जनाएका छन् । जनमत पार्टीबारे तत्काल निर्णय नहुने स्रोतले जनाए ।

### बारा २ मा मधेशी दलबीच घमासान

# चुनावका लागि नयाँ गठबन्धन हुने, लोसपा पनि तयारीमा

**टुडे समाचारदाता**

जनकपुरधाम । बारा जिल्लाको निर्वाचन क्षेत्र नम्बर-२ मा हुन लागेको उपचुनावमा मधेशी दलहरुबीच घमासान देखिएको छ ।

जनता समाजवादी पार्टी(जसपा)का राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवलाई संसदमा पुऱ्याउन सो क्षेत्र खाली गराइएको छ । तर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले पनि सो क्षेत्रमा चुनाव लड्ने दाबी गर्दै तयारी थाल्ने निर्णय गरेको छ ।

लोसपा कार्यकारिणी समितिको विहीबार बसेको बैठकले उपचुनावका लागि दल दर्ता गर्ने र चुनावको तयारी थाल्ने निर्णय गरेको छ ।



मधेशको गढ रहेको बारा जिल्लाको उपचुनावको तयारी लोसपाले गर्नु स्वभाविक रहेको पार्टीका वरिष्ठ नेता शरतसिंह भण्डारीले जनाए । 'लोसपा मधेश केन्द्रित दल रहेकाले उपचुनावमा उम्मेदवारी दिने तयारीको निर्णय गरेको छ' उनले भने, मंसिर महिनामा सम्पन्न आमनिर्वाचनको गठबन्धनमा रहेका दलहरुको तर्फबाट लोसपाले सो क्षेत्रमा उम्मेदवारी दिन छलफल थालिनेछ ।

आम चुनावमा जसपाको एमालेसित गठबन्धन र जनमत पार्टीले एक्लै चुनाव लडेको उल्लेख गर्दै उनले भने, हाल सरकार गठन र राष्ट्रपति, उपराष्ट्रपति निर्वाचनका लागि मात्र १० दलीय गठबन्धन बनेको हो । 'चुनावका लागि नेपाली कांग्रेस, माओवादी केन्द्र, नेकपा एस, राष्ट्रिय जनमोर्चा र लोसपाको मात्र गठबन्धन रहेको छ' भण्डारीले भने, चुनावका लागि बनेको र सरकारका लागि बनेको गठबन्धन फरक फरक रहेको छ ।

जसपाका राष्ट्रिय अध्यक्ष यादव सो क्षेत्रबाट चुनाव लड्ने निश्चित छ । अध्यक्ष यादव चुनाव लड्ने जसपाले औपचारिक रुपमा निर्णय गरिसकेको छैन् । उनी स्वयं पनि उम्मेदवार हुने धारणा सार्वजनिक नगरे पनि जसपाका नेता, कार्यकर्ताहरु चुनावमा जुटिसकेका छन् । लोसपाले सरकारमा सहभागी हुने निर्णय गरे पनि सम्मानजनक सहभागिता हुनुपर्नेमा जोड दिएको छ । गठबन्धन दलका नेताहरुका अनुसार लोसपालाई एउटा मन्त्रालय दिने संभावना छ । लोसपाबाट सरकारमा भण्डारी जाने बलियो संभावना छ ।

सरकारमा जान निर्वाचित ४ जना सांसद मध्ये अध्यक्ष महन्थ ठाकुरपछिको वरीयतामा भण्डारी नै छन् । सरकारमा सम्मानजनक उपस्थिति हुनुपर्ने बैठकले निर्णय गरेको नेता भण्डारीले बताए ।

'बैठकले सत्तारुढ गठबन्धनमा जति दल छन्, सबैको सम्मानजनक उपस्थिति सरकारमा हुनु पर्ने निर्णय गरेको छ' उनले भने, गठबन्धनमा रहेका दलहरुलाई सरकारमा पनि सहभागिता भए मात्र धर्म निर्वाह हुन्छ ।

'सम्मानजनक उपस्थिति हाम्रो दाबी हो', भण्डारीले भने, 'राजपाको लिगेसी बोकेको र आन्दोलनकारी पार्टी भएकाले सरकारमा हाम्रो उपस्थिति सम्मानजनक हुनुपर्छ ।' यसका लागि सम्वाद गर्ने जिम्मेवारी पार्टी अध्यक्ष महन्थ ठाकुरलाई दिइएको उनले बताए ।

तर सत्ता साझेदार प्रमुख ४ दलको बैठकमा लोसपालाई सहभागिता रहने गरेको छैन् । ४ दलीय गठबन्धनमा नेकां, माओवादी केन्द्र, नेकपा एस र जसपाका शीर्ष नेताहरुले ५ जना भन्दा कम संघीय सांसद रहेका दलको सरकारमा सहभागिता गराउन चाहेका छैनन् ।

स्रोतका अनुसार लोसपा, नागरिक उन्मुक्ति पार्टी, जनमोर्चा, नेपाल समाजवादी पार्टीलाई सरकारमा सहभागी नगराउन प्रमुख ४ दलका नेताहरु सहमत रहेका छन् ।

जनमत पार्टीलाई सरकारबाट हटाउने दबाब पनि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' माथि बढन थालेको छ । जनमत पार्टीले बुधबार बारा जिल्लाको कलैयामा आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा जसपा अध्यक्ष यादवको आलोचना गर्दै उपचुनावमा पार्टीले उम्मेदवार उठाउने घोषणा अध्यक्ष डा.सीके राउतले गरे ।

बारा उपचुनावमा जसपाका अध्यक्ष यादवलाई नेकां, माओवादी केन्द्र र नेकपा एसले समर्थन गर्ने निश्चित छ । माओवादी, नेकां र एसले बारा जिल्लाको चुनावमा उम्मेदवार दिने विषयमा मौन रहेका छन् ।

वैशाख १० गते बारा-२, चितवन-२ र तनहुँ-१ मा उपचुनाव हुँदैछ । स्रोतका अनुसार सत्तारुढ गठबन्धनले बारामा जसपा, तनहुँमा कांग्रेस र चितवनमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)लाई सघाउने छ । यद्यपि यस सम्बन्धमा गठबन्धनमा निर्णय हुन बाँकी छ ।






# धुम्रपान तथा सुर्तिजन्यपदार्थ विरुद्ध जनचेतनामुलकक कार्यक्रम सम्पन्न

**संजय यादव**




जनकपुरधाम।जनकपुरधाममा धुम्रपान तथा सुर्तिजन्यपदार्थको सेवनवाट उत्पन्न रोगको रोग रोकथाम, नियण्त्रण, निदान र उपचार सम्बन्धी जनचेतनामुलकक कार्यक्रम सम्पन्न भएको छ। मधेशी दलित गैर सरकारी संस्था महासंघले बिहीबार जनकपुरधाममा धुम्रपान तथा सुर्तिजन्यपदार्थको उपभोगबाट उत्पन्न हुने रोगको रोकथाम र उपचार सम्बन्धी सडक नाटक तथा उपमहानगर स्तरीय छलफल र अन्तरक्रिया कार्यक्रम गरेको छ।

नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको स्वास्थ्य कर कोषको सहयोगमा जनसमुदायमा धुम्रपान तथा सुर्तिजन्यपदार्थको सेवन गर्नुहुन्न भन्ने जनचेतना फैलाउन जनकपुरधामको विभिन्न चोकमा सडक नाटक देखाउनुको साथै जनकपुरधामका मेयर मनोज कुमार साह, जनकपुरधाम उपमहानगपालिकाका वडाअध्यक्ष, सञ्चारकर्मी, जनसमुदाय बीच अन्तरक्रिया र छलफल गरिएको संस्थाका अध्यक्ष नरेन्द्र पासवानले जानकारी दिए।

उनले हाललाई यो कार्यक्रम धनुषामा गरेतापनि आगामी दिनमा नेपाल सरकारले पुनः सहयोग गरे मधेश प्रदेशको बाँकी जिल्लाहरुमा पनि यस्तै जनचेतनामुलक कार्यक्रमहरु गर्ने बताए।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साहले धुम्रपान तथा सुर्तिजन्यपदार्थको प्रयोग कम गर्न स्वयम जागरुक हुनुपर्ने बताए। उनले आफूस्वयम जागरुक नहुन्जेलसम्म धुम्रपान तथा सुर्तिजन्यपदार्थको लतबाट मुक्त हुन नसक्ने बताए। खास गरी आफ्नो बालबालिकाहरुलाई यो लतबाट टाढा राख्न घरको अभिभावकको निगरानी आवश्यक रहेको मेयर साहले बताए। उनले धुम्रपान तथा सुर्तिजन्यपदार्थको प्रयोग कमगर्न प्रहरी प्रशासनदेखि नगरपालिकाले गर्नुपने हर सम्भव प्रयासमा आफूले सहयोग गर्ने प्रतिबध्ता व्यक्त गरे।

# खसी र अण्डा नियन्त्रणमा

**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरी प्रहरीले अवैध २४ कार्टुन अण्डा नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीले दिएको जानकारी अनुसार जिल्लाको मनराशिस्वा नगरपालिका-१० स्थित ज.११प.९८२७ नम्बरको मोटरसाईकलमा बोकेर भारतबाट नेपाल तर्फ ल्याउँदै गरेको अवस्थामा गस्तीमा रहेको प्रहरीले २४ कार्टुन अण्डा नियन्त्रणमा लिएको छ।

बिहीबार दिउँसो नियन्त्रणमा लिइएको अण्डा १८ हजार रुपैयाँ बराबरको रहेको प्रहरीले जनाएको छ।

नियन्त्रणमा लिइएको अण्डा आवश्यक कारबाहीकालागि जिल्ला भन्सार कार्यालय महोत्तरी मलिवाडामा पठाइएको जनाइएको छ।

त्यसैगरी महोत्तरी प्रहरीले अवैध रुपमा भारतबाट नेपाल ल्याउँदै गरेको खसी नियन्त्रणमा लिएको छ। भारतवाट तीनवटा खसी नेपाल भित्र्याइ रहेको बेला प्रहरीले नियन्त्रणमा लिएका थिए।

ज.८ प.४९९८ नम्बरको मोटरसाईकलसमेत नियन्त्रणमा लिइएको जनाइएको छ। नियन्त्रणमा लिइएको अवैध सामानहरु जिल्ला भन्सार कार्यालय महोत्तरी मलिवाडामा बुझाइने सूचना अधिकारी गिरिले बताए।

# आँपको मंजरमा ढुसी, किसान चिन्तित

**टुडे समाचारदाता**

सर्लाही। आँपका रुखमा पात नदेखिने गरी बोटै ढपक्क गरी मंजरफुल्दा दङदास परेका उत्तरी सर्लाहीका किसान अहिले आँपमा ढुसी रोग देखिएपछि चिन्तित भएका छन्। आँपको मंजरलाई मधुवा किराले खाने, खाएपछि गुलियो लेखिलो पदार्थ मंजरमा ओकलेपछि दुसी रोग देखा पर्ने गरेको कृषि ज्ञान केन्द्र मलंगवाले जनाएको छ।

आँपका मंजरलाई मधुवा किराले खाईदिएपछि लाग्ने ढुसीका कारण चुरेपर्वतीय भावर क्षेत्रका किसान पिरोलिएका छन्। विशेष फलफूल खेती भएको कर्मैया, हरिवन, लालबन्दी, ईश्वरपुर क्षेत्रमा मधुवा किराको प्रकोप देखिएको छ।

हरिवन नगरपालिका-२ अत्रौलीका आँप किसान कृष्णप्रसाद मैनालीले आफ्नो अढाई विग्हा क्षेत्रको एक सय ५० बढी बोटमध्ये केही बोटमा मधुवा किराको प्रकोप देखिएको बताए। उनले भने-'आँपका बोटमा मंजर नफुल्दै आँप व्यापारीलाई चार लाख रुपैयाँमा बिक्री गरेपनि व्यापारीलाई घाटा हुने हो कि भन्ने चिन्ता छ।'

'पहाडमा लालीगुँराश फुलेझैं आँपमा ढकमक्क मंजर फुलेको देख्दा मन रमाएको थियो', लालबन्दी नगरपालिका-६ का रामवहादुर कार्कीले भने-'मंजरमा ढुसीको प्रकोप देखिएपछि आशा निराशामा बदलिएको छ।'

ईश्वरपुर नगरपालिका-७ का रामखेलावन महतोको आँप बगैचामा रहेको आँपको मंजरमा मधुवाको प्रकोप देखिएको बताए। फागुन महिनाको अन्तिम साताबाट आँपका मंजरमा मधुवा किराको प्रकोप देखिएको थियो भने चैत लागेपछि मंजरमा ढुसी देखिन थालेको बताईएको छ।



लालबन्दीस्थित उष्णप्रदेशीय बागवानी केन्द्रका प्रमुख रामकुमार यादवले केन्द्रको अधिनमा रहेको एक सय २० विगाह क्षेत्रमा रहेको ६ हजार भन्दा वढी आँपका रुख पूर्णरुपमा सुरक्षित रहेको बताए। उनले भने-'केन्द्रको हातामा रहेको आँपका रुखमा रोग, किरा तथा ढुसीको प्रकोप लाग्न नदिन सुरुमै उपाए अपनाईएको छ।'

मंजर फुल्नुअघि आँपको रुखको जराको बरिपरि खनेर पानी हाल्ने र फेददेखि ३ फिट माथिका भागमा चुनाको लेप लगाई गरिने प्राकृतिक उपचारले पनि मधुवा किराको प्रकोप रोक्न सक्ने वताईएको छ। मधुवा किराको प्रकोप देखा परेपछि भने विषादी बाहेक अर्को विकल्प नरहेको कृषि ज्ञान केन्द्र, मलंगवाका प्रमुख कमलदेव कुशवाहाले वताए।

'मधुवा किरा प्रकोप पीडितले प्रकृया पुऱ्याई केन्द्रमा आएमा औषधि एवम् प्राविधिक सहयोग गरिने छ' केन्द प्रमुख कुशवाहाले भने-'जिल्लाको चुरेपर्वतीय क्षेत्रको भावर ईलाकाका साथै समतल भूभागमा पर्ने बलरा, हथिऔल, कौडेनालगायतका स्थानको आठ हजार हेक्टरभन्दा वढी जग्गामा व्यावसायिक रुपमा आँप खेती गरिन्छ।'

# नेपाली पात्रो र तोयनाथ पात्रोबीच सहकार्य

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपालको पहिलो कम्युनिटी एप 'नेपाली पात्रो' र राष्ट्रिय पञ्चाङ्ग बीच सहकार्य भएको छ। विहीबार दुबै संस्थाबीच सहकार्य भएको छ।



नेपाली पात्रो विगत १४ वर्ष देखि विश्वभर छरिएर रहेका नेपालीहरुबीच लोकप्रिय मोवाइल एप छन भने डेढ शताब्दीदेखि पञ्चाङ्ग मार्फत सेवा गर्दै आएको नेपालको पहिलो आधिकारिक सर्वाधिक बिषयले सुसज्जित तोयनाथ पञ्चाङ्गले सकार्य गरी अगाडी बढ्ने छन्।

पञ्चाङ्ग सर्वाधिक विश्वासिलो तथा सजिलो क्यालेण्डर हो। प्रविधिको विकास सँगै एण्ड्रोइड तथा आइफोन जस्ता स्मार्टफोनमा नेपाली प्रयोगकर्ताहरुले खोज्ने प्रमाणित पञ्चाङ्ग साइत, लग्न, चाडबाड तथा तिथी मितिको विश्वसनीय छापा संस्करण तोयनाथ पञ्चाङ्ग र नेपालीद्वारा नेपालीकै लागि तयार पारिएको मोबाइल एप्लिकेशन 'नेपाली पात्रो'बीच सहकार्य भएको जनाइएको छ।

पुरानो पुस्ताको सटिक पञ्चाङ्ग गणितसंग आधुनिक पुस्ता जोडिन पाउनु आफैमा अद्भूत अनुभव रहेको नेपाली पात्रोका प्रमुख कार्यकारी अधिकृत सन्तोष कुमार देवकोटाले बताए। दुबै संस्थाको सहकार्यले प्रयोगकर्तालाई क्यालेण्डरमा उपलब्ध शुद्ध र आधिकारिक जानकारीले लाभ दिइने विश्वास गरिएको छ।

# मेसु डा.यादव मन्त्रालय तानिए

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रहेको प्रादेशिक अस्पताल जनकपुरका मेडिकल सुपरिटेन्डेण्ट डा.प्रमोद कुमार यादवालाई मन्त्रालयमा तानिएको छ।

मधेश प्रदेश सरकारको बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रादेशिक अस्पतालका मेसु डा.यादवलाई सामाजिक विकास मन्त्रालयमा तानिएको निर्णय गरेको मुख्यमन्त्री सरोजकुमार यादवका प्रेस सल्लाहकार सीताराम अग्रहरीले जानकारी दिए।

प्रादेशिक अस्पतालको जिम्मेवारीमा रहँदा पनि कार्यालयमा अनुपस्थित देखिनुलगायतका लापरवाही गरेको भन्दै उनलाई कारबाही गरिएको बताइएको छ। केही दिन अघि मुख्यमन्त्री यादवले प्रादेशिक अस्पताल जनकपुरधाममा छड्के निरीक्षण गरेका थिए। सो निरीक्षणको क्रममा मेसु डा.यादव अनुपस्थित थिए।

केही दिन यतादेखि अस्पतालबारे व्यापक जनगुनासो आउन थालेपछि प्रदेश सरकार अस्पतालकोगतिविधिलाईनजिकबाट नियाल्दै आएको छ। सो क्रममा मेसु डा.यादवले लापरवाही गरेको देखिएकोले उनलाई कारबाही स्वरुप मन्त्रालय तानिएको सल्लाहकार अग्रहरीले बताए।

# विद्युत चोरी गरेको आरोपमा आधा दर्जन पक्राउ

**टुडे समाचारदाता**

राजविराज। विद्युत् चोरी गरेको आरोपमा जिल्लाको विभिन्न स्थानबाट ६ जनालाई पक्राउ गरिएको छ। पक्राउ पर्नेहरुमा विष्णुपुर गाउँपालिका ४ का नारायण खंग, विजय मण्डल र रविन्द्र मण्डल रहेका छन।

यस्तै राजगढ गाउँपालिका ६ का डोमी राम र सुन्दर कुमार राम पनि पक्राउ परेको प्रहरीले जनाएको छ। यो सँगै दुई महिनाको अवधिमा विद्युत् चोरी गरेको आरोपमा पक्राउ पर्नेको संख्या १ सय २० पुगेको छ।

विद्युत् प्राधिकरण राजविराज वितरण केन्द्र राजविराज र प्रहरीको संयुक्त टोलीले उनीहरुलाई पक्राउ गरेको डिएसपी नरेश कुमार सिहले जानकारी दिए।

विद्युतीय पोलबाट हुकिङ्ग गरी विद्युत् प्रयोग गरिरहेको अवस्थमा पक्राउ परेका उनीहरुलाई जिल्ला प्रहरी कार्यालय सप्तरीमा राखिएको उनले जानकारी दिए। पक्राउ परेकाहरुबाट प्रति व्यक्ति १५ हजार ५ सयका दरले जरिवाना असुली गरेको छ।

# 'कोल्ड स्टोर' निर्माणपछि भण्डारणमा सहज

गोलबजार। सप्तरीको बोदे बर्साइन नगरपालिकामा तरकारी तथा फलफूल लामो समयसम्म भण्डारण गर्ने उद्देश्यले 'कोल्ड स्टोर' निर्माण सुरु गरिएको छ।

वडा नं २ बैरियामा निर्माण गरिएको सात सय मेट्रिक टन क्षमताको अत्याधुनिक कोल्ड स्टोर शिलन्यासमा नगरप्रमुख आतेशकुमार सिंहले यसले किसानलाई आलु, प्याज तथा अन्य तरकारी भण्डारणमा सहयोग पुग्ने बताउनुभयो।

नगरप्रमुख सिंहले लामो समयसम्म उत्पादन गरिएका तरकारी तथा फलफूल भण्डार गरेर राख्न सकिने भएकाले किसान खेतीतर्फ आकर्षित भई उत्पादनमा वृद्धि हुने तथा बजारीकरणको सम्भावना पनि बढ्ने दाबी गर्नुभयो।

केन्द्र सरकारको सम्पुरकोषको अनुदानमा नौ कठ्ठा जग्गामा निर्माण हुन लागेको हो। जसमा अत्याधुनिक प्रविधि मल्टिप्रपोज कोल्डस्टोरको प्रथम चरणमा प्रशासनिक कार्यालय भवन, गेष्ट हाउस, शौचालय, वाउण्ड्री वाल, पार्किङ निर्माण गरिने नगरपालिकाका इञ्जिनियर दिनेश ठाकुरले जानकारी दिनुभयो।

विश्व वैभव कन्सटेन्सी कन्स्ट्रक्सन एन्ड सप्लायर्स भक्तपुरले रू एक करोड २५ लाखमा निर्माण ठेक्का पाएको कोल्ड स्टोर आगामी असारसम्म पूरा हुनेछ। रासस

# मोटरसाइकलको ठक्करबाट एक घाइते

**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरी जिल्लाको गौशाला नगरपालिका-१ मोटरसाईकलले ठक्कर दिँदा एक जना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी दिलिप कुमार गिरिका अनुसार बिहीबार गौशाला नगरपालिका-१ रामनगरस्थित सम्सी माईस्थान सडक खण्डमा गौशालाबाट बर्दिवास तर्फ जाँदै गरेको ज १० प २०२५ नम्बरको मोटरसाइकलले एक जना पैदल यात्रीलाई ठक्कर दिएको थियो।

मोटरसाइकलको ठक्करबाट सोही ठाउँका ५ वर्षीय अनुभव पौडेल घाइते भएका छन्।

घाइते पौडेलको उपचार बर्दिवासस्थित शुभस्वस्तिक अस्पतालमा भइरहेको प्रहरीले जनाएको छ। घाइते पौडेलको अवस्था मध्यम रहेको बुझिएको छ। यता मोटरसाइल र चालकलाई प्रहरीले नियन्त्रणमा लिइ अनुसन्धान भइरहेको जनाएको छ।

# पानी व्यवसायी आन्दोलनमा

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाम प्रशोधित पानी उद्योगी व्यवसाय संघले पानीको उत्पादनमा चाहिने कच्चा पदार्थहरुको मूल्य आकाशिंदै गएको प्रति आपत्ति जनाएको छ।

संघले बिहीबार एक प्रेस विज्ञप्ति जारी गर्दै पानी उत्पादनका लागि प्लाष्टिकलगायतको सामग्रीको मूल्य दिन प्रतिदिन वृद्धि हुँदै गएकोले पानी व्यवसायीहरु घाटामा गइरहेको गनासो गरेको छ।

दिनानुदिन घाटामा गइरहेको व्यवसायको कारण बैंकको चर्को ब्याज तिर्नु अवस्थाको सृजना भएकोले संघको बिहीबार बसेको बैठकले शुक्रबारदेखि तीन दिन सम्म कुनै पनि पानी उद्योगले बिक्री वितरण नगर्ने निर्णयसमेत गरेको छ।

तीन दिन सम्म बिक्री वितरण बन्द गरी सांकेतिक विरोध गरेको र कच्चा पदार्थको मूल्य कम गर्न सरकारले ध्यान नदिए संघ कडा आन्दोलन गर्न बाध्य हुने चेतावनी समेत विज्ञप्ति मार्फत दिइएको छ।

# विद्युतीय धरापमा एकको मृत्यु

**टुडे समाचारदाता**

सर्लाही। बलरा नगरपालिका-५ कोईरीटोलका ५० वर्षीय रामअक्षय महतोको मृत्यु भएको छ। जंगली जनावरलाई लक्षित गरी थापिएको विद्युतीय धरापमा परी घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रहरी उपरीक्षक नरेशराज सुवेदीले शौचका लागि छिमेकीको मकैवारी छिरेका महतोको विद्युतीय धरापमा परी मृत्यु भएको वताए। उनले भने-'घटनाका सम्वन्धमा सूक्ष्म अनुसन्धान जारी छ।'

प्रादेशिक अस्पताल, मलंगवाका अनुसार मृतक महतोको शव पोष्टमार्टमपछि बिहीवार परिवारको जिम्मा लगाईको बताईएको छ।

बागमती खोला तथा नेपाल-भारत सीमा नजिकको बलरास्थित खेतवारीमा नीलगाई, बँदेल तथा हरिण जस्ता जंगली जनावरले रातका समयमा बाली खाईदिई नोक्सान गर्न थालेपछि स्थानीय किसानहरुले बाली लगाएको खेतवारीमा रातको समय विद्युतीय धराप थाप्ने गरेको वताईएको छ।

जङ्गल मासिँदै जाँदा जङ्गली जनावर किसानको उखु, मकैलगायतका वाली नोक्सान गर्नेगरेको छ। अहिले डढेलो लागेर वन क्षेत्र उदाङ्गो भएकाले पनि नीलगाई, बँदेल, हरिण, जस्ता वन्यजन्तु भौंतारिन थालेका छन्।

## तपाईको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति। |
| बृष | : पारिवाहिक सुख। |
| मिथून | : नयाँ कार्य हुने। |
| कर्कट | : धन बृद्धि सञ्चय। |
| सिंह | : भ्रमण अवसर हुने। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : बौद्धिक क्षमता। |
| बृश्चिक | : सुख समृद्धि हुने। |
| धनु | : प्रतिभा सम्पन्नता। |
| मकर | : पुरस्कार प्राप्त लाभ। |
| कुम्भ | : वाद विवादबाट बच्नु। |
| मीन | : अवसर प्राप्त। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# जनता आवासमा कमसल सामग्री प्रयोगको आरोप

टुडे समाचारदाता

वीरगञ्ज । आर्थिक रुपमा बिपन्न वर्गको लागि सरकारले जनता अवास योजना लागु गरेको छ । तर मध्य तराईमा सरकारी अदुरदर्शिताको कारण जनता आवास योजना उद्देश्य भन्दा पनि बजेट सकाउने योजना साबित भइरहेको छ। विगत ५बर्ष अगाडि देखि लागु गरिएको योजना बजेट रकमबाट चालु आर्थिक बर्षमा पनि भवन निर्माण गर्दा कमसल समग्रीले भवन निर्माण गर्ने बाध्यता देखिएको छ।



जर्जर आर्थिक अवस्थाका कारण भुप्रोमा बस्दै आएका दलितहरुको उत्थानको लागि ल्याएको योजनामा नेता देखि ठेकेदारसम्मको प्रवेशले गर्दा भवनहरुको लागत २५ प्रतिशत रकम बजेट मिलानमै खर्चिने देखिएको छ।

यस योजनाबाट निर्माण भवनले पर्साका दलितहरु खुशी हुनु भन्दा पनि आँधीबेहरीमा च्यापिने चिन्ताले पीडित बनेका छन।

वीरगञ्ज महानगरपालिका वडा नम्बर २६को सिर्सिया गाउमा रहेको दलित वस्तीको अवस्था यस्तै छ । यहाँका दलितहरुका गृहसुखको लागि जनता आवास योजना लागु गरिएको थियो । तर एक बर्ष अगाडि लागु भएको यो योजनाबाट निर्माण भएका भवन पाए पनि उनीहरुको चिन्ता बढदै गएको छ ।दलितहरुलाई गृहसुख भन्दा पनि घरमै च्यापिएर मर्ने डरले सताउन थालेको उनीहरु बताउछन । उनीहरु भन्छन-'घर त पायौ, तर कमसल ईट्टा र कमजोर छानालाई हुरीले कहिले उडाउने हो ठेकान छैन, शौचालय पनि नभएकोले चौरमै दिशागर्न जाने बाध्यता कायमै छ ।

यो बस्तीमा निर्माण भएका घरहरुमा प्रयोग गरिएको कमसल सामग्रीका कारण निर्माणभएको घरहरुको अवस्था जर्जर देखिन्छ। जनता अवास कार्यक्रमले विपन्न बर्गको जीवन उकास्नु भन्दा पनि कार्यालयको लागि बजेट खपाउने र नेताको लागि भोट कमाउने माध्यम मात्रै साबित भएको छ।

शहरी विकास तथा भवन निर्माण कार्यालय वीरगञ्जले मध्यतराईको बारा, पर्सा र रौतहटका प्रदेश सभासदस्यहरुको सयोजकत्वमा दलित बस्तीहरुमा भवनहरु निर्माण गरिरहेको छ।

आर्थिक बर्ष २०७४/०७५ देखि ७८/०७९ सम्ममा तीनै जिल्लामा कुल ६ हजार भवनहरु जनता आवाश योजना अन्तर्गत निर्माण गर्ने लक्ष्य लिइएको थियो । तर, हाल सम्म ६० प्रतिशत भन्दा पनि कम ३ हजार ४ सय ४४ आवास मात्र निर्माण भएको छ।

# दलितको समस्या समाधान गर्न प्रतिवद्ध : अध्यक्ष यादव

टुडे समाचारदाता

जनकपुरधाम । मुखियापट्टी मुसहरनियाँ गाउँपालिका अध्यक्ष जयकुमार यादवले भूमिहीन दलित( मुसहर) वस्तीका वासिन्दाहरुलाई आवासको व्यवस्था मिलाउन आफू प्रतिबद्ध रहेको बताएका छन् ।

खाद्य अधिकारको वकालत गर्दै आएका फियान नेपाल नामक संस्थाको अगुवाइमा बिहीबार अधिकारकर्मीहरुको निरीक्षण अनुगमनको क्रममा अध्यक्ष यादवले सो प्रतिबद्धता व्यक्त गरेका छन्।'गाउँब्लककोजग्गाकोलालपुर्जा बनाउन अत्यन्त कठिन कार्य छ त्यसैले कुनै अर्को ठाउँमा एकीकृत वस्ती बनाएर भूमिहीनहरुको आवासको समस्या समाधानको लागि म प्रतिबद्ध छुँ ।' एक करोड दुई करोड जतिको बजेटमा काम गर्नु परे पनि भूमिहीनको आवासको लागि म व्यवस्था गर्न तयार छु तर वस्ती सरेर अन्यत्र जानु पर्ने हुन्छ जसको लागि दलितहरु तयार नरहेकोले आवासको व्यवस्थापनमा समस्या देखिएको उनले बताए।



अध्यक्ष यादवले हाल बसोवास गर्दै आएको जग्गाको लालपुर्जा बनाउनका लागि सिफारिशसमेत भइसकेको र आवासको लागि पहलसमेत प्रारम्भ गरिसकेको स्पष्ट पारे । गाउँब्लकको जग्गाको लालपुर्जा बनाउन कठिनाइ देखिएकोले तत्कालकालागि अन्य ठाउँमा घर निर्माण गरी आवासको व्यवस्था मिलाउनु पर्ने अवस्था रहेको अध्यक्ष यादवको कथन थियो ।

यता अनुगमनमा पुगेका अधिकारकर्मीहरु समक्ष भूमिहीन मुसहर समुदायका व्यक्तिहरुले बसोवास गर्दै आएको गाउँब्लकको जग्गाको लालपुर्जा दिनु पर्ने माग गरेका छन् । उनीहरुले लालपुर्जा नरहेकै कारण त्यहाँ कुनै पनि संरचना गर्न नपाउने गुनासो गरे। घर निर्माण मात्र होइन चापाकल समेत राख्न नपाउने भएकोले खानेपानीको समेत समस्या भएको गुनासो दलित वस्तीका राजकुमारी सदाले पोखिन्।

करिब साढे तीन कठ्ठा गाउँ ब्लकको जग्गामा बसोवास गर्दै आएका २२ घरधुरीमा १ सय ४० जना भन्दा बढी व्यक्तिहरुको रहेको बताइएको छ । सानो ठाउँमा घनावस्ती भएको कारण सम्पूर्ण वस्ती नै विभिन्न प्रकारको समस्या भोग्दै आएका छन्।

त्यसैगरी अनुगमन टोलीले वडा नम्बर ३ स्थित कष्टकर जीवन विताउँदै आएका ९ वटा घर परिवारको आवासको व्यवस्था मिलाउनसमेत पहल थालिएको बताइएको छ।

९ घरपरिवार डोम समुदायका व्यक्तिहरुलाई एक परिवार एक जनालाई पालिकामा जागिर दिने प्रतिवद्धता अनुसार सातजनालाई जागिर दिइसकिएको छ भने दुई जनाको जागिरको लागि प्रक्रिया अगाडि बढिसकेको अध्यक्ष यादवले जानकारी दिए।

जनता आवास कार्यक्रम अन्तर्गत डोम समुदायको घर तोडेर नयाँ घर बनाउन जग बसाएर अलपत्र हुँदा कष्टकर जीवन यापन गरी रहेकाले तत्कालै बास र त्रिपाललगायतको व्यवस्था गाउँपालिकाबाटै गरिएको उनले जानकारी दिए।

डोम समुदायको जीवनस्तर उकास्नका लागि पालिकामा जागिर दिने र दलित समुदायको शिक्षा, स्वास्थ्यलगायतको सवालमा आमूल परिवर्तनका लागि पहल गर्ने बताए ।

दलित वस्तीहरु अव्यवस्थित भएकाले चाँडै भूमिहीनहरुलाई पालिकाको तर्फबाट जग्गा दिने र बसोवास क्षेत्रलाई व्यवस्थित गरिनुको साथै आधारभूत सेवा सुविधा उपलब्ध गराउने उल्लेख गरे।

# दलित कार्यपालिका सदस्यको अध्यक्षमा पासवान




ओम प्रकाश यादव

गरुडा । रौतहटमा दलित सशक्तीकरण ऐन २०७६ कार्यान्वयनको अवस्था र आगामी दिनमा कार्यपालिका सदस्यहरूको भूमिका' विषयक जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

रौतहटको चन्द्रपुर नगरपालिकाको चन्द्रनिगाहपुर स्थित रहेको होटेल एन प्लाजाको सभाहलमा बिहीवार सम्पन्न कार्यक्रमबाट जिल्लाको १८ वटै पालिकाहरुमा आबद्ध दलित कार्यपालिका सदस्यहरूको जिल्लास्तरीय सञ्जाल गठन गरिएको छ।

दलितहरुको हक अधिकारका लागि आवाज उठाउने उद्देश्यले जिल्लाभरीको पालिकाका दलित कार्यपालिका सदस्यहरु यस समितिको सदस्य रहने गरी दलित सञ्जाल समिति गठन गरिएको छ।

नवगठित सञ्जालको अध्यक्षमा वृन्दावन नगरपालिकाका कार्यपालिका सदस्य राजेश पासवानलाई चएन गरिएको छ।

सञ्जालको उपाध्यक्षमा पुनम देवि राम, कोषाध्यक्षमा रञ्जित पासवान, सचिवमा रामाधार राम, सह सचिवमा कालि माया बिक र गीता देवी बैठा चुनिएका छन् भने सदस्यहरूमा जयनारायण बैठा, बिजुल राम, श्रीपति राम, मोतिला देवि पासवान, विशेष पासवान, लिला देवी बैठा, जुडिया देवि बैठा, शान्ति देवी पासवान र सल्लाहकारमा वृन्दावन नगरपालिकाका नगर उपप्रमुख संगिता कुमारी राम, शिवशंकर पासवान र बन्ती पासवान सर्वसम्मतले चुनिएका छन् ।

उक्त कार्यक्रममा आयोजक संस्था दलित सरोकार मञ्चका कार्यकारी निर्देशक भोला पासवानले दलित सशक्तीकरण ऐन २०७६ मा भएका प्रावधानहरू उल्लेख गर्दै तिनको कार्यान्वयनका लागि कार्यपालिका सदस्यहरूले निर्वाह गर्नुपर्ने भूमिकाबारे प्रष्ट पारेका थिए।

मधेश प्रदेश सरकारद्वारा जारी यो ऐनमा जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्ने र दलित समुदायको शैक्षिक, सामाजिक, राजनीतिक, नागरिक, सांस्कृतिक अधिकार प्रबर्द्धन तथा दलित समुदायको सशक्तीकरण गर्ने कानूनी व्यवस्थाहरू समावेश गरिएको उनले बताए।

त्यसैगरी दलित अधिकारका लागि प्रदेश र पालिका स्तरमा शक्तिशाली समिति, प्रदेश प्रहरी अन्तर्गत जातीय छुवाछूत तथा भेदभाव हेर्न दलितकै नेतृत्वमा छुट्टै सेल बनाउने व्यवस्था गर्ने, मधेश प्रदेशका दलितको समग्र विकास र सशक्तीकरणका लागि दलित विकास समिति गठन गर्ने व्यवस्था समेत छ। यसैगरी जातीय छुवाछूतसम्बन्धी घटनाहरूको अध्ययन, अनुगमन तथा जातीय विभेदविरुद्धको कानून कार्यान्वयन, रेखदेख, नियन्त्रण र सुपरीवेक्षण गर्ने प्रदेश स्तरमा जातीय विभेद तथा छुवाछूत अनुगमन समिति रहने व्यवस्था पनि यो ऐनमा उल्लेख छ। कार्यकारी निर्देशक पासवानले ऐन बनेको ३ वर्ष बितिसके पनि यो पूर्णरूपमा कार्यान्वयनमा नआएकाले अब सरोकारवालाहरू जुर्मुराउनुपर्ने बताएका थिए।

नवगठित सञ्जालका अध्यक्ष राजेश पासवानले दलित सशक्तीकरण ऐनले व्यवस्था गरेको सबै पालिकामा गठन गर्नुपर्ने जातीय छुवाछूतसम्बन्धी अनुगमन समिति गठन गर्न तत्काल लागिपर्ने प्रतिबद्धता व्यक्त गर्दै कार्यपालिका सदस्य अब मात्र हस्ताक्षर गर्नका निम्ति न रहेको र आफूहरु काम गर्नका निम्ति कार्यपालिकामा गएकोले,काम गर्नका लागि नगरपालिकाका हाकिम, मेयर र उपमेयर संग संवाद गर्ने र बजेटको साथै आफ्नो योजनाहरु पनि राख्न संजाल मार्फत दबाब दिने बताए।

दलित विकास समितिका मधेश प्रदेश सदस्य राजकुमार दास तत्माको प्रमुख आतिथ्य तथा दलित सरोकार मञ्चका कार्यकारी निर्देशक भोला पासवानको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।


## बलवा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### बलवा, महोत्तरी

## कर्मचारी करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९।१२।१०)

यस नगरपालिकामा रोजगार सेवा केन्द्रको सञ्चालनका लागि आवश्यक रोजगार संयोजक, रोजगार सहायक र प्राविधक सहायक पद रिक्त रहेको हुदा सो करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनु हुन अनुरोध छ।

| क्र.सं | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१।२०७९।०८० | रोजगार संयोजक | स्थानीय सेवाको छैठौं | १ |
| २ | ०२।२०७९।०८० | रोजगार सहायक | सहायक पाँचौ | १ |
| ३ | ०३।२०७९।०८० | प्राविधिक सहायक | सहायक पाँचौ | १ |

**१. आवश्यक न्यूनतम् योग्यताः**

**पद : रोजगार संयोजक**
- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उतीर्ण गरेको ।
- कम्प्युटर सम्बन्धी कम्तीमा ६ महिना तालिम प्राप्त भएको ।
- दरखास्त दिने मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
- भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

**पदः- रोजगार सहायक**
- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको ।
- दरखास्त दिने मितिमा १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको ।
- कम्प्यूटर सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको ।
- भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

**पदः- प्राविधिक सहायक**
- सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको ।
- दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।
- कम्तीमा आधारभूत सीप सम्बन्धी ३ महिने तालिम लिएको ।
- पूर्वाधारको निर्माण र मर्मत/ स्तरोत्रितिका लागि आयोजनाको लागत अनुमान, सूपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव र उतकृष्ट पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई गाहयता दिइनेछ ।
- भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

**२. दरखास्त दिने स्थानः**- बलवा नगर कार्यपालिकाको कार्यालय बलवा, महोत्तरी।

**३. दरखास्त दिने अन्तिम मितिः**- २०७९।१२।२४ गते ।

**४. आवेदनको दस्तुरः**- विज्ञापन नं. १ को लागि रु १२००।- र विज्ञापन नं. २ र ३ को लागि रु ७००।- यस नगर पालिकाको राष्ट्रिय बैंकमा रहेको आन्तरिक राजश्व खाता नं. १२७०१००३०१०१०००२ मा बुझाई सक्कलै भाउचर निवेदन साथ पेश गर्नुपर्नेछ ।

**५. छनौटको किसिमः**- प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित परीक्षा ।

**६. आवेदन साथ संलग्न कागजातहरुः**- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु ।
- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी १ प्रति
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र / चारित्रिक प्रमाण पत्र
- पासपोर्ट साइजको फोटो ३ थान
- कार्य अनुभव र तालिम भए सो १/१ प्रति

**७. सेवा सुविधाः**- रोजगार संयोजकको पदपुर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६ अनुसार र रोजगार सहायक र प्राविधकि सहायकको सेवा सुविधा स्थानिय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धि मापदण्ड २०७८ अनुसार हुनेछ ।

**नोटः**- आवेदनको ढाँचा रोजगार संयोजक, रोजगार सहायक र प्राविधिक सहायक पदपुर्ति र सेवा सुविधा सम्बन्धी मापदण्डको अनुसूची १ बमोजिम हुनेछ । र अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## जनहितमा जारी सन्देश

धुम्रपान तथा सुर्तीजन्य पदार्थको उपयोग स्वास्थ्यको लागि हानिकारक हुन्छ । यस्ता पदार्थको उपभोग नगरौं/ नगराऔं ।

MDNF
मधेशी दलित गैर सरकारी संस्था महासंघ
भिमसेनगोला, काठमाण्डौ

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य कर कोषको सचिवालय
रामशाहपथ, काठमाडौं, नेपाल



## हार्दिक शुभकामना






श्री धर्म संस्था (रामस्वरूप साह , रामसागर साह) को मिति २०७९/१२/१० गते ७९ औं जन्मोत्सवको सुखद अवसरमा सम्पूर्ण नगरवासी तथा शुभेच्छुकहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

प्रभाकर प्रसाद साह
उपसभापति

एवं

रामचन्द्र साह
सभापति

श्री धर्म संस्था (रामस्वरूप साह , रामसागर साह)
मिल्स एरिया जनकपुरधाम-१ परिवार



अन्यत्र गका पापबाट जनकपुधाममा मुक्ति पाउन किन्छ।
जनकपुधाममा गका पापबाट मुक्ति पाउन थान अन्यत्र छन ॥

## म्पादकीय

## मधेश प्रदेश सरकारको निर्णय प्रशंसनीय

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले जनकपुरधामको धार्मिक, सांस्कृतिक विकासका लागि दान गरेको १ अर्ब भारतीय रुपैया (नेपाली १ अर्ब ६० करोड) ४ वर्षदेखि अलपत्र परेको थियो। तत्कालीन प्रदेश सरकार र उपमहानगरपालिका बीच रकम उपयोगबारे सहमति हुन सकेन्। रुपैया खर्च गर्ने योजना पनि ४ वर्षमा बन्न सकेको थिएन्। तर मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले भारत सरकारको दान रकम १ अर्ब ६० करोड नेपालकै गौरवशाली हुन सक्ने रंगशाला निर्माणमा लगाउने घोषणा गरेका छन्। रंगशालालाई देशकै नमुना बनाउने घोषणागर्दै मुख्यमन्त्री यादवले अन्तर्राष्ट्रिय स्तरको अत्याधुनिक सुविधा सम्पन्न बनाउन लाग्ने थप रकम प्रदेश सरकारले उपलब्ध गराउने वचनबद्धता प्रकट गरे। मधेश प्रदेशमा अत्याधुनिक रंगशाला छैन्। प्रस्तावित रामजानकी रंगशालाका लागि गुठी संस्थानले १७ बिघा जग्गा प्रदान गरेको छ। एउटै रंगशालामा आवश्यकता अनुसार फुटवल, क्रिकेट लगायतका अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिता आयोजना गर्न मिल्ने रहेको छ। नेपाल सरकारले रंगशालाका लागि पाँच वर्ष पूर्व केही रकम उपलब्ध गराएको र भारतीय दूतावासलाई रंगशाला निर्माणमा सहयोग गर्न पत्राचार पनि गरेको थियो। रंगशाला निर्माणका लागि युवा दिनेश पूर्वेले एक्लै धेरै पहल गरेका छन्। तर संघीय सरकारको मधेश प्रतिको विभेदको कारण रंगशाला निर्माण अलपत्र परेको हो। मधेश प्रदेश सरकारले देखाएको चासो अत्यन्त प्रशंसनीय छ। भारत सरकारको रकम सदुपयोग गर्ने रंगशाला बाहेकका विकल्प त्यति धेरै उपयोगी नहुन सक्छ। जनकपुरधाममा अन्तर्राष्ट्रिय स्तरको रंगशाला निर्माण भए यहाँको हरेक क्षेत्रमा सकारात्मक विकास हुने निश्चित छ। पर्यटन व्यवसायका लागि पनि खेलकुद आवश्यक छ। नेपालको राजधानी काठमाण्डुमा अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताहरुको आयोजना हुन थालेको छ। पछिल्लो पटक नेपालले क्रिकेटमा यूएईलाई पराजितगर्दै अन्तर्राष्ट्रिय एक दिवसीय प्रतियोगिता खेल्ने नजिक पुगेको छ। आवश्यक पूर्वाधार निर्माण गरी खेलाडीहरुलाई राज्यले संरक्षण र अभ्यासका लागि आर्थिक सहयोग उपलब्ध गराउने हो भने नेपाली खेलाडीहरु कयौं अन्तर्राष्ट्रिय प्रतियोगितामा सफल हुन सक्छ। मधेश प्रदेशका खेलाडीहरु हरेक खेलमा अब्बल छन्। तर अभ्यास गर्ने स्थल, अभ्यासका लागि चाहिने भोजन र परिवार पाल्न चाहिने रकमको अभावमा क्षमतालाई प्रष्फुटन गर्न सक्दैन्। मधेश प्रदेश सरकारले अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिता आयोजनाका लागि रंगशाला निर्माण गर्न सके प्रदेशका लागि मात्र नभै देशका लागि पनि ठूलो उपलब्धि हुनेछ। संघीय सरकारले पनि त्यसमा सहयोग गर्नुपर्छ। दुई वर्ष भित्र रंगशाला निर्माण हुन सके ११ औं राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना मधेश प्रदेशले गर्न सक्छ। त्यसका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण हुनुपर्छ। मधेश प्रदेश सरकारले देखाएको सक्रियता प्रशंसनीय छ। त्यसमा उपमहानगरपालिका लगायतका निकायहरुले सहयोग गर्नु पर्छ।

# अति गुणकारी सोहजनर यसको अवस्था



डा.श्रीभगवान ठाकुर

**परिचयः**

सोहजनमोरिङ्गेसी परिवारमा पर्ने नेपालको तराई मधेश तथा मध्य पहाडमा छिटो तैयार हुने एक बनस्पति हो। यो एक अति नै पोषणयुक्त तरकारीको रुपमा चिनीने रुख हो। यसको फल अथवा हरियो कोशा सबै भन्दा बढी प्रयोगमा आउने भाग हो। यसको पातबाट अचार, साग जस्ता विभीन्न परिकारहरु बनाईन्छ। यो विभिन्न देशमा विभिन्न नामले चिनिन्छ। यसलाई ड्रम पिट्ने लठी जस्तो भएकोले अंग्रेजीमाम्चग
कतष्अपभनिन्छ तथा जराको गन्धमूलाको जस्तो भएकोले ज्यचकभचबमष्कजपनि भनिन्छ। दक्षिणी भारतमामोरिङ्गा, नेपालको मधेश तराईमा सोहजन, सहजन, मुन्गा र पहाडमा शितलचिनीनाम तथा संस्कृत भाषामा सिग्रु ९क्ष्नचग० भनिन्छ। सिग्रुको शाब्दिक अर्थ तिक्ष्ण गुण हो। यसलाई शोभाञ्जना जसको अर्थ सजाउने बोट हो। सोहजनलाई बाइबलको आयुर्वेदका ग्रन्थहरुमा मोकाका (ःयअबपब) पर्यायवाची शब्दको रुपमा भनिएको छ, जस्को अर्थ रोगहरुबाट मूक्त बनाउनु हो। हिन्दुहरुको धर्मशास्त्र अनुसार राम बनबासमा जाने बेला सीताले रामलाई सोहजन पकाएर खुवाएको किंवदन्ती छ।

यसकाविभिन्नप्रजातीहरु मध्ये मोरिङ्गाओलिफेरा बढी लाभदायकतथाचमत्कारी मानिन्छ। यसको फाईदा हजारौ वर्षदेखि भारत, अफ्रिका तथा फिलिपिन्सका नागरीकहरु यसको फाईदा लिई रहेको छ। यसमा सुन्तलामा भन्दा ७ गुणा बढी भिटामीन सी, गाजरमा भन्दा ४ गुणा बढी भिटामीन ए, अंडामा भन्दा ३६ गुणा बढी म्यागनेसियम, पालुगोंमा भन्दा २५ गुणा बढी फलाम, बदाममा भन्दा ५० गुणा बढी भिटामिन बी ३ र केरामा भन्दा ५० गुणा बढी भिटामिन बी २ पाईन्छ। यसको पौष्टिक, औषधीय, औद्योगिक, वातावरणीय, सामाजीक, साँस्कृतिक तथा आर्थिक महत्व असाध्यै भएता पनि नेपालमा अपहेलित बालीको दर्जामा रहेको हो।

यसको उत्पति हिमालयको दक्षिणी भेक संभवतः भारतमा भएको मानिन्छ।मोरिङ्गा भन्ने शब्द भारतको तामिल भाषाबाट आएको हो। उक्त भाषामा सोहजनलाई मुरुङ्गाई भन्ने गर्दछ। यो मोरिङ्गेसी परिवारमा पर्ने एक मात्र जीनस मोरिङ्गाको १३वटा स्पेसीस जस्तैः आरबोरीया ९बचदयचभब० केन्याको रैथाने, रिभिया ९चष्खबभ० केन्या र ईथियोपियाको, बोरजिएना९दयचशष्बलब० सोमालिया र केन्याको, पिग्मिया ९उथक्बभब० सोोमालियाको, लौङ्गिट्रयुबा९यिलनष्तगदब० केन्या, ईथियोपिया र सोमालियाको, स्टेनोपेटाला९कतभलयउभतबबि० केन्या र ईथियोपियाको, रसपोलियना९चगकउयष्बिलब० ईथियोपियाको, ओभालिफोलिया ९यखबषियष्बि० नामिबिया र अंगोलाको, ड्रौहारडी ९मचयगजबचमष्ठ० तथा हिल्डेब्रान्डी ९जषमिभदचबलमष्ठ० मादागास्करको र पेरेग्राइन९उभचभनचष्लभ० रेड सी तथा हर्न अफ्रिकाको, कन्केनेनसिस ९अयलअबलभलकष्क० र ओलिफेरा ९यभिषभचब० उत्तर भारतको हिमालय फेंदको भागका रैथाने जातहरु हुन। यिनीहरु मध्ये ओलिफेरा स्पेसीसको बढी उपयोग तथा अध्ययन भएको छ।

मोरिङ्गा भारतमा उत्पति भई विस्तारै एसिया तथा अफ्रिकामा फैलिएको मानिन्छ। परापूर्वकालमा ईजिप्ट, ग्रीक तथा रोमनबासीहरुमोरिङ्गाको रुखबाट तेल निकाली औषधी, ईत्तर तथा तेलको रुपमा प्रयोग गरेको विश्वास गरिन्छ। आजकाल यो अफ्रिका, एसिया, क्यारेबियन, प्रशान्त टापुहरु तथा दक्षिण अमेरीकाका ग्रीष्म क्षेत्रहरुमा पाईन्छ।







**नेपालमा अवस्था**

संसारमा चमत्कारी रुखको उपनामले विश्वमा ख्याती कमाएको मोरिङ्गाको नेपालमा भन्ने अहिलेसम्म पनि व्यावसायिक रुपमा कही पनि खेती गरिएको थिएन। तराई मधेशतिर सामान्य रुपमा हरेक घरको वरिपरि २-४ वटा मोरिंगाका बोटहरु देख्न पाईन्छ। हाल दुई चार साल देखि यसको महत्व तथा पौष्टिक गुणबारे विभिन्न पत्र पत्रिकामा प्रचार प्रसारमा आएपछियसको खेती केही जिल्लाहरु (उदयपुर, झापा, चितवन, काभ्रे, पर्वत, रुपन्देही, कपिलवस्तु, अर्घाखाँची, काठमाडौं) मा उद्देश्य र लक्ष्य अनुसार केही परिमाणमा सामुदायिक परियोजनामा वा साना व्यवसायको रुपमा वा परिवार तहमाशुरुआत भएको छ। नेपाल सरकारका काभ्रेको पाँचखालमा फलफूल फर्म, निजि तथा सहकारी क्षेत्रहरुले बीउ तथा बेर्ना उत्पादन गरी विक्री वितरण गरि रहेको पाईन्छ। तर नेपालको तथ्यांकमा यसको खासै उल्लेख भएको पाईदैन।

नेपालमा मोरिङ्गाको कलिलो कोसालाई बिक्री गर्न थालिएको भएता पनि यसको अन्य भागहरुको उपयोगिता बारे आम कृषकहरु अनभिज्ञ नै छन्। यसले अझै पनि हाम्रो देशमा व्यावसायिक महत्व पाउन सकेको छैन्। चैत्र महिना देखि करिब २ महिनासम्म बजारमा उपलब्ध हुने यसको कोसाहरु रु.१५०-२५० प्रति के.जी.का दरले खुद्रा मूल्यमा सजिलैसंग बिक्री भएको पाईएता पनि यसको व्यावसायिक खेतीमा सरोकारवालाहरुको ध्यान नजानु अचम्मै मानिन्छ। हाम्रो हावापानीमा सामान्य रुपमा नै सजिलैसंग खेती गर्न सकिने बहुपयोगी यो रुखको बारेमा नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) लगायत कृषि मन्त्रालय वा वन मन्त्रालय अर्न्तगतका विभिन्न निकायहरुमा समेत खासै अनुसंधान तथा विकासको महत्वमा नपर्नु झनै अचम्मको विषय हो। पोषण र खाद्य सुरक्षाको नारा लगाउने तथा पैरबी गर्ने गैह् सरकारी तथा सरकारी निकायहरुका कार्यक्रम, योजना परियोजनाहरुले प्राथमिकता नपरेको अवस्था छ।

विगत केही वर्ष देखी अष्ट्रिच नेपाल प्रा.लि.ले सेनेगलबाट बीउ ल्याएर यसको व्यावसायिक उत्पादन शुरु गरेको छ। यसको पातमा पाइने प्रोटिन लगायत अन्य विभिन्न किसीमका पोषणतत्वका कारण अष्ट्रिचको लागि पूरक पोषणको रुपमा मोरिंगाको पातको प्रयोग भइरहेको छ। अन्नपूर्णा हर्वल प्रा.लि. गोरुसिगें तथा पशुपति हर्वल प्रा.लि. बुटवलले पातको विभिन्न प्रशोधित वस्तुहरु बनाएर विक्री गरिरहेको छ। हालमा बुटवलमा एकीकृत औरगानिक कृषि फार्म प्रा.लि.का संचालक झविन्द्र पौडेलले ३ बिग्हामा खेती गरि राम्रो आम्दानी लिने गर्नु भएको छ।

तराइ मधेशमा प्रचुर संभावना भएकोमोरिङ्गाको प्रचार प्रसार, उत्पादन, प्रशोधन तथा बजारीकरणमा खासै सघन तथा गहकिलो प्रयास देखिएको पाईदैन। आ.व.२०७८।०७९को बजेट भाषणमा मोरिङ्गा लगायत ओल, मेवालाई समेटी रातोकितावमा आउँदा मोरिङ्गाप्रेमीहरु साह्रै उत्साहित भएको थियो। यसलाई कोशी प्रदेशको तराई तथा भित्रिमधेश, मधेश प्रदेशको सबै भूभाग, बागमती प्रदेशको तराई तथा भित्रिमधेश, लुम्बिनि प्रदेशको तराई तथा भित्रिमधेश, कर्णालीको भित्रिमधेश र सुदूरपश्चिम प्रदेशकोतराई तथा भित्रिमधेशमा राम्ररी उत्पादन दिने रुखबालीलाई संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरुले यसमा कार्यक्रम र बजेट बनाई कृषकहरुको आम्दानी बढाउन, कुपोषण घटाउन, निरोगी बनाउन लगानी गर्नु पर्ने नितान्त आवश्यक देखिन्छ। यस विषयमा अझै स्थानीय स्तरमा महत्व बढाउन अनसंधान केन्द्र तथा शैक्षिक संस्थानहरुले थप अध्ययन, अनुसंधान गर्न पनि खाँचो रहेको छ।

विश्वका विभिन्न मुलुकहरुमा मोरिङ्गालाई कुपोषण विरुद्धको अचुक वाणको रुपमा चित्रित गरिसक्दा पनि हामी बिच यसको खेती, उपयोगिता बारे खासै चर्चा भएको नपाइएकोले सो सम्बन्धि जानकारी उपलब्ध गराउन चमत्कारी रुख अर्थात सोहजन (मोरिङ्गा ओलिफेरा)को बारे जानकारी मुलक प्रयास लेखकले पुस्तिका प्रस्तुत गरिएको छ।

# समानुपातिक चुनाव प्रणालीमा सुधारको आवश्यकता



रामनारायण देव

संसदीय लोकतन्त्र विश्वको सबैभन्दा राम्रो लोकतान्त्रिक व्यवस्था मानिन्छ। यसमा बढीभन्दा बढी जनप्रतिनिधित्वको अवसर हुन्छ। प्रतिनिधित्वका लागि सामान्यतः तीनवटा विधि अपनाइन्छ। एउटा प्रत्यक्ष निर्वाचन जसमा सबभन्दा बढी मत ल्याउने विजयी हुन्छन्। अर्को मनोनयन पद्धति जो राष्ट्र प्रमुखद्वारा सरकारको सिफारिसमा मनोनीत गरेर चयन गरिन्छ। तेस्रो, समानुपातिक पद्धति। समानुपातिक पद्धतिको विकास पनि १९ औं शताब्दीदेखि नै भएको देखिन्छ।

सबै वर्ग र समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न समानुपातिक प्रतिनिधित्वको पद्धति वैज्ञानिक मानिन्छ। यसको सुरु सन् १८४८ मा स्विट्जरल्यान्डबाट भएको थियो। त्यसपछि अरु देशले पनि यो पद्धति अपनाए।

समानुपातिक प्रतिनिधित्व पद्धतिअन्तर्गत कम्तीमा दुईवटा प्रमुख प्रणालीको विकास भएको छ। एउटा एकल संक्रमणीय मत प्रणाली र अर्को सूची प्रणाली। दुवै पद्धतिको मुख्य उद्देश्य सबै वर्ग र समुदायको अधिकतम न्यायोचित प्रतिनिधित्व गराउनु हो। तर, समानुपातिक प्रतिनिधित्वको पद्धति सबै अवस्थामा सफल र उपयोगी भने हुन सक्दैन। यस पद्धतिको सफलता र असफलता निर्वाचन क्षेत्र निर्धारण पद्धति र निर्वाचन पद्धतिमा निर्भर हुन्छ।

**निर्वाचन क्षेत्र निर्धारण पद्धति**

यो निर्वाचन क्षेत्र निर्धारण गर्ने विधिलाई प्रचलनको हिसाबले दुई भागमा विभाजन गर्न सकिन्छ। एउटा एकल सदस्यीय निर्वाचन क्षेत्र विधि र अर्को बहुसदस्यीय निर्वाचन क्षेत्र विधि। पहिलो विधिअन्तर्गत राज्यलाई क्षेत्र, जनसंख्या, वर्ग र समुदाय आदिको आधारमा विभिन्न निर्वाचन क्षेत्रमा विभाजन गरिन्छ र प्रत्येक निर्वाचन क्षेत्रबाट एकजना प्रतिनिधि छानिन्छ।

दोस्रो विधिमा सिङ्गो राष्ट्रलाई एउटा निर्वाचन क्षेत्र मानिन्छ र मतदाताहरुले विभिन्न राजनीतिक दल, वर्ग, समुदाय आदिको सूचीमा मत हाल्छन्। यो विधिअन्तर्गत एक जना मतदाताले एकभन्दा बढी मत दिन पनि पाउँछ। यस विधिमा बहुसंख्यक अल्पसंख्यक सबैको समानुपातिकरुपमा प्रतिनिधित्व हुन सक्छ भन्ने मान्यता राखिन्छ।

समानुपातिक प्रतिनिधित्व पद्धतिको लागि उपयुक्त विधि पनि यसैलाई मानिन्छ। समानुपातिक प्रतिनिधित्व प्रणालीले एक सदस्यीय निर्वाचन क्षेत्र विधिमा राम्रो कार्य गर्न नसक्ने हुँदा यसका लागि बहुसूची प्रणाली नै उपयुक्त हुने विज्ञहरुको मत छ।

सूचीमा आधारित समानुपातिक निर्वाचनमा तलमा कुराहरुमा विशेष ध्यान दिनुपर्ने हुन्छ। जस्तै निर्वाचित हुनका लागि दलले ल्याउनुपर्ने न्यूनतम मत प्रतिशतको सीमा (थ्रेस होल्ड)कति हुने ? अहिलेको विधानअनुसार कम्तीमा ३ प्रतिशत थ्रेसहोल्ड पार गर्न सक्ने दलले त्यहीअनुसार समानुपातिक संख्या पाउँछ।

उम्मेदवारको सूची बन्दको बारेमा पनि विधि अपनाइएको छ। बन्द सूची भनेको दलले चुनावभन्दा पहिले नै उम्मेदवारहरुको सूची प्रकाशित गर्नुपर्ने र त्यसमा पछि थपघट गर्न नपाइने व्यवस्था हो। अर्को खुला सूची पनि हुन्छ जसअनुसार दलहरुले चुनावपछि आफूले पाएको मत प्रतिशतको अनुपातमा निर्वाचित हुने आफ्ना उम्मेदवारहरुको नाम तोक्न पाउने व्यवस्था हुन्छ। तर नेपालमा बन्दसूचीकै विधिअनुसार समानुपातिक प्रतिनिधित्व छान्ने गरिन्छ।

नेपालमा भने समानुपातिक पद्धतिको राजनीतिक दलहरुले दुरुपयोग गरिरहेका छन्। कुन वर्ग, जाति र समूहलाई समानुपातिक पद्धतिमा प्राथमिकता दिनुपर्छ भन्नेमा कुनै वास्ता नगरी दलपतिहरुले आआफ्ना गुट, नातेदार, छोराछोरी र पत्नीहरुलाई प्राथमिकतामा राखी बन्दसूचीमा राख्नेगरेका छन्। विसं २०६३ को अन्तरिम संविधानपछि २०६४ सालमा भएको संविधान सभाको चुनावमा अधिकांश टाठाबाठा र धनीमानी व्यक्तिहरुमात्र समानुपातिकबाट सभासद् भएका थिए। महिलाको कोटामा त निरक्षर महिलालाई ल्याएर भर्तीकेन्द्र बनाइएको थियो। महिला उम्मेदवार कम्तीमा साक्षर तथा राजनीतिक चेतना भएको हुनुपर्छ। महिलाको नाममा ३३ प्रतिशत कोटा पुऱ्याएरमात्र हुँदैन।

> **नेपालमा भने समानुपातिक पद्धतिको राजनीतिक दलहरुले दुरुपयोग गरिरहेका छन्। कुन वर्ग, जाति र समूहलाई समानुपातिक पद्धतिमा प्राथमिकता दिनुपर्छ भन्नेमा कुनै वास्ता नगरी दलपतिहरुले आआफ्ना गुट, नातेदार, छोराछोरी र पत्नीहरुलाई प्राथमिकतामा राखी बन्दसूचीमा राख्नेगरेका छन्। विसं २०६३ को अन्तरिम संविधानपछि २०६४ सालमा भएको संविधान सभाको चुनावमा अधिकांश टाठाबाठा र धनीमानी व्यक्तिहरुमात्र समानुपातिकबाट सभासद् भएका थिए। महिलाको कोटामा त निरक्षर महिलालाई ल्याएर भर्तीकेन्द्र बनाइएको थियो। महिला उम्मेदवार कम्तीमा साक्षर तथा राजनीतिक चेतना भएको हुनुपर्छ। महिलाको नाममा ३३ प्रतिशत कोटा पुऱ्याएरमात्र हुँदैन।**

सबै राष्ट्रिय पार्टीका नेताले समानुपातिक सांसदको रुपमा आआफ्ना पत्नी, छोरा, आफन्त, गुट समर्थक र परिवारका मानिसहरुलाई ल्याएर समानुपातिक विधि र पद्धतिकै बदनाम गरे। पार्टीमा पनि अल्पसंख्यक, दलित तथा कुनै अवसर नपाएका पीडित कार्यकर्तालाई प्राथमिकता दिइनुपर्थ्यो। तर त्यसविपरीत नेताका परिवारजनलाई प्राथमिकता दिई यसको उद्देश्यकै उपहास गरिएको छ। समानुपातिक पद्धति जुन वर्ग, समूह र सीमान्तकृत नागरिकहरुको लागि आएको त्यो त्यही लक्षित समूह र समुदायले पाउनुपर्छ। पार्टी नेतृत्वले यसरी समानुपातिक पद्धतिको दुरुपयोग गर्दै गए जनआक्रोशको सामना गर्नुपर्नेछ।

समानुपातिक पद्धति लागु गर्नुभन्दा अघि राज्यले नेपालका सबै क्षेत्र, समूह, वर्ग र जातजातिको समाजशास्त्रीय अध्ययन गर्नुपर्थ्यो। तर, त्यसो नगरी हचुवाको भरमा सुरु गरिएको छ।

यसबाट विपन्न वर्ग र समूह वञ्चितीकरणमा परेका छन् भने हुनेखाने सम्पन्न, शिक्षित, टाठावाठा र नेतृत्वसम्म पहुँच हुनेहरु लाभान्वित भइरहेका छन्। जीवनमा कहिले पनि अवसर नपाएका तथा महँगो र खर्चिलो चुनाव लड्न नसकेका बौद्धिक वर्गलाई पनि प्राथमिकता दिनुपर्छ। राजनीतिक पार्टीका नेताहरुलाई शुभलाभ पुऱ्याउनेहरुमात्रले अवसर पाउने हो भने यसको के औचित्य ?

राजनीतिमा पटकपटक सांसद, मन्त्री र उच्च राजनीतिक पद प्राप्त गरिसकेका व्यक्तिहरुलाई समानुपातिक विधिद्वारा सांसद बनाई आफू सुरक्षित र शक्ति सम्पन्न हुनु खोज्नु लज्जाको विषय हो।

नेतृत्वले समानुपातिक पद्धति अवसरबाट वञ्चितहरुका लागि अपनाइएको हो भनी भाषण फलाक्दैमा यसको मर्म र उद्देश्य प्राप्त हुन सक्दैन। हाल देखिएको विकृतिलाई हटाई लक्षित वर्गका लागि उपयोग गरिएमात्र यसको उपादेयता प्रमाणित हुन्छ।

तराई क्षेत्रमा समानुपातिकबाट हुनेखाने, सम्पन्न, उच्च जातिहरुले नै फाइदा पाउँदै आएका छन्। तराईका दलित, अल्पसंख्यक, सीमान्तकृतहरु यसबाट पनि वञ्चित नै हुनेगरेका छन्।

तराईमधेस आधारित राजनीतिक पार्टीहरुले आआफ्ना पार्टीमा पनि ती दलित, सीमान्तकृतहरुलाई समावेश गरेका छैनन्। उनीहरू नेतृत्व तहमा पुग्नु त दिवाःस्वप्नजस्तै भएको छ। मधेसवादी दलहरुको त संरचना नै असमावेशी छ।

तल्लो वर्गलाई समेट्नु पर्ने महसुसै गरिएको छैन। मधेस आन्दोलनबाट शक्तिमा आएका माथिल्लो जातिका नेताहरुनै नेतृत्व पंक्तिमा छन्।

समानुपातिक पद्धतिबाट छानिने प्रक्रिया पनि अवैज्ञानिक र असमावेशी छ। वर्तमान संसद्को प्रतिनिधि सभामा २७५ जना सांसद छन्। त्यसमध्ये ११० जना अर्थात् ४० प्रतिशत समानुपातिकतफर्का हुन्छन्। दलका नेताहरुले बन्द सूचीअनुसारको गोप्य सूची निर्वाचन आयोगमा चुनावअघि नै बुझाउने गरेका छन्।

समानुपातिक उमेदवार छान्ने प्रतिशत पनि अमिल्दो र अन्यायपूर्ण छ।

निर्वाचन आयोगले जनजातिबाट २७ प्रतिशत, खसआर्यबाट ३१.२ प्रतिशत, थारुबाट ६.६ प्रतिशत, दलितबाट १३.८ प्रतिशत, मधेशीबाट १५.३ प्रतिशत, मुस्लिमबाट ४.४ प्रतिशत र पिछडिएको क्षेत्रबाट ४.३ प्रतिशत प्रतिनिधित्व हुनेगरी सूची निर्धारण गरिएको छ।

जनजातिबाट २८.७ प्रतिशत राखिएको छ तर कुन कुन जातिहरुलाई जनजाति मानिएको त्यो स्पष्ट छैन। जनजाति पहाडमात्र होइन तराईमा पनि छन् तर त्यसलाई छुट्याइएको छैन। तराईका जनजातिलाई मधेशी कोटामै राखिएको छ। त्यस्तै खसआर्यमा बाह्मण, क्षेत्री, दशनामीजस्ता जातहरु छन्। ती सबैलाई भागबन्डा लगाएको छ। एकलै खसआर्यले ३१.२ प्रतिशत समानुपातिक सिट पाउनु पक्षपातपूर्ण देखिएको छ।

दलितबाट १३.८ प्रतिशत भनेको छ। दलित भन्नाले पहाडकालाई मात्र बुझिन्छ। तराईका मुसहर, चमार, दुसाध, डोमहरुलाई दलितमा गनिदैन।

तिनीहरुलाई मधेशी कोटामा राखी शोषण गरिएको छ। उता मधेशीबाट १५.३ प्रतिशतमात्र समानुपातिकमा लिइने भनिएको छ जुन अवैज्ञानिकमात्र होइन पक्षपातपूर्ण हो।

मधेशीमा कुन कुन जाति आउँछन् त्यसको सूची तयार गरिएको छैन। मधेशी शब्दको संविधानमा न परिभाषा गरिएको छ न व्याख्या गरिएको छ।

मधेशीमा ब्राह्मण, क्षत्री (राजपुत), देव, कायस्थ, भूमिहारजस्ता उच्च तागाधारी जाति पनि आउँछन् भने मुसहर, चमार, दुसाध, डोमजस्ता दलित पनि आउँछन्।

सम्पन्न, शिक्षित र चतुर मधेशी उच्च जातिले समानुपातिक कोटामा सजिलै मौका पाउँछन् भने मधेसका दलितले मौका पाउँदैनन्। अहिलेसम्म मधेसका दलितले समानुपातिकमा मौका पाएका छैनन्।

मधेसका उच्च र दलित जातिलाई एउटै डालोमा राखेर ठूलो अन्याय गरिएको छ। त्यस्तै मुस्लिमबाट ४.४ प्रतिशत भनिएको छ। मुस्लिम मधेसमा पनि छन् पहाडमा पनि छन्।

कहाँको मुस्लिमलाई प्राथमिकता दिइने स्पष्ट छैन। पिछडिएका क्षेत्रको स्थान किटिएको छैन। कुन र कस्तो क्षेत्रलाई कुन आधारमा आर्थिक, सामाजिकरुपमा परिभाषित गरिएको छैन।

यसरी अवैज्ञानिक, अपरिभाषित र पक्षपातपूर्ण समानुपातिक प्रणालीमा सुधारको अत्यन्त आवश्यकता छ। यसतर्फ सम्बन्धित सबै निकायको ध्यान जानु आवश्यक छ।

# विकास लागि भौतिक पूर्वाधार क्षेत्रमा पर्याप्त लगानी आवश्यक छ : उपप्रधानमन्त्री श्रेष्ठ

काठमाण्डु । उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले विकास लागि भौतिक पूर्वाधार क्षेत्रमा पर्याप्त लगानी आवश्यक रहेको बताउनुभएको छ ।

एसियाली तथा पश्चिम प्रशान्त क्षेत्रका निर्माण व्यवसायीहरूको अन्तर्राष्ट्रिय सङ्गठन (इफाप्का) र नेपाल निर्माण व्यवसायी महासङ्घले संयुक्तरूपमा आज राजधानीमा आयोजना गरेको अन्तर्क्रियामा उपप्रधानमन्त्री श्रेष्ठले नेपालको हकमा पूर्वाधारमा पर्याप्त लगानी नभएको धारणा राख्नुभयो । पर्याप्त लगानीबाहेक निर्माण उद्योगमा गुणस्तरको अभाव तथा समयमा परियोजना नसकिने परिपाटी देखिएको उपप्रधानमन्त्री श्रेष्ठले बताउनुभयो ।

'पूर्वाधारमा लगानी' विषयक अन्तर्क्रियामा उपप्रधानमन्त्री श्रेष्ठले परम्परागत शैलीमा काम गरेका कारण पनि नेपालको निर्माण उद्योगमा चुनौती थपिएकाले अब नयाँ शैलीमा काम गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । निर्माणमैत्री ऐन, कानुन नहुँदा निर्माण उद्योगमा समस्या देखिएको स्वीकार गर्दै उहाँले समयसापेक्ष ऐन, कानुन बनाउन नेपाल निर्माण व्यवसायी महासङ्घजस्ता संस्थाको महत्वपूर्ण भूमिका रहने बताउनुभयो ।

भौतिक पूर्वाधार तथा यातायातको क्षेत्रमा विकास गर्न आफूले विभिन्न कार्यदल गठन गरी काम थालिसकेको जानकारी गराउँदै उपप्रधानमन्त्री श्रेष्ठले आफू सबैसँग सहकार्य गर्न तयार रहेको प्रतिबद्धता जनाउनुभयो । इफाप्काका अध्यक्षसमेत रहनुभएका नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले नेपालमा मात्र नभएर विश्वभरि नै दिगो पूर्वाधार विकासको आवश्यकता बढ्दै गएको बताउनुभयो ।

कमजोर वित्तीय अवस्था तथा प्रविधिका कारण नेपालजस्ता मुलुकलाई दिगो विकासको लक्ष्य हासिल गर्न कठिन भएको अध्यक्ष सिंहले बताउनुभयो । इफाप्काका महासचिव पनि रहनुभएका नेपाल निर्माण व्यवसायी महासङ्घका सल्लाहकार वीरेन्द्रराज पाण्डेले इफाप्काको उद्देश्यमाथि प्रष्ट पार्दै ४६औँ इफाप्का सम्मेलन आगामी मङ्सिर ४ देखि ८ सम्म काठमाडौँमा आयोजना गर्न लागिएको जानकारी दिनुभयो ।

इफाप्काका कार्यकारी निर्देशक लेभी भी एस पिरीतुले पूर्वाधारको क्षेत्रमा आ-आफ्नो अनुभव आदान-प्रदान गर्न यस्ता कार्यक्रम निकै उपयोगी हुने बताउनुभयो । विश्व वन्यजन्तु कोष नेपालका डा घनश्याम गुरुङले नेपालमा द्रुतगतिमा पूर्वाधार निर्माण भइरहेको र यही बेला दिगो तथा गुणस्तरीय निर्माणमा ध्यान दिनुपर्ने उपयुक्त समय रहेको टिप्पणी गर्नुभयो ।

कार्यक्रमका मुख्यवक्ता एसियाली विकास बैंक पूर्वउपाध्यक्ष डा विन्दुनाथ लोहनीले ठूलो आर्थिक वृद्धि चाहने हो भने पूर्वाधारमा गरिने लगानीमा पनि वृद्धि गर्नुपर्ने धारणा राख्नुभयो । डा लोहनीले अबको समयमा सहरी विकासलाई प्राथमिकता दिँदा हरित पूर्वाधार निर्माणमा ध्यान दिनुपर्ने बताउनुभयो । नेपालका वाणिज्य बैंकले दीर्घकालसम्म लगानी गर्न नसक्ने भन्दै उहाँले विश्व बैंक, एसियाली विकास बैंक, पूर्वाधार विकास बैंकलगायतमार्फत लगानी ल्याउन फाइदाजनक हुने सुझाव दिनुभयो ।

सम्मेलनमा विज्ञहरूबीच सार्वजनिक-निजी साझेदारीको विविध आयाम, खरिद कानुन, इपिसी कन्ट्र्याक्ट, दिगो पूर्वाधारका सम्भावना र चुनौतीलगायतका विषयमा छलफल भएको थियो । इफाप्का बोर्ड सदस्य सुशीलकुमार श्रेष्ठले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो ।रासस

# सामाजिक रूपान्तरणमा सामुदायिक रेडियोको भूमिका महत्वपूर्ण : प्रधानमन्त्री दाहाल




काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड"ले सामाजिक रुपान्तरणका लागि नेपालका सामुदायिक रेडियोले अहम् भूमिका निर्वाह गरेको बताउनुभएको छ ।

सामुदायिक रेडियो प्रसारक सङ्घ (अकोराव)को स्थापना दिवसका अवसरमा आयोजित सामुदायिक रेडियो राष्ट्रिय सम्मेलन तथा १७औँ साधारणसभालाई सम्बोधन गर्दै उहाँले जनताको सूचनाको हकको कार्यान्वयनका लागि सरकारको मुख्य साझेदारका रुपमा नेपालका सामुदायिक रेडियोले महत्वपूर्ण भूमिका खेल्दै आएको बताउनुभयो ।

"नेपालको सन्दर्भमा सामुदायिक रेडियोले एफएम प्रविधिबाट नेपाली जनताको सूचनको हकका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । सरकारको मुख्य साझेदारका रुपमा नेपालका सामुदायिक रेडियोले महत्वपूर्ण भूमिका खेल्दै आएका छन्", उहाँले भन्नुभयो ।

सूचनामा नागरिकको पहुँच बढाउन, सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न, मानव अधिकार, विधिको शासन, सामाजिक रुपान्तरणका लागि नेपालका सामुदायिक रेडियोले अहम् भूमिका निर्वाह गर्दै आएको उहाँको भनाइ छ ।

प्रधानमन्त्री दाहालले राजनीतिक परिवर्तनका लागि गरिएका विभिन्न आन्दोलन, न्याय, समानता र स्वतन्त्रताका पक्षमा भएका आन्दोलनमा सामुदायिक रेडियोले महत्वपूर्ण भूमिका खेल्दै आएको बताउनुभयो ।

"शान्ति प्रक्रिया र संविधान निर्माण प्रक्रियामा सामुदायिक रेडियोले निर्वाह गरेको भूमिका इतिहासमा नै अविस्मरणीयरुपमा स्थापित छ", उहाँले भन्नुभयो ।

विश्वमा रेडियोको इतिहास एक सय २८ वर्ष पुरानो भएको स्मरण गर्दै उहाँले नेपालमा २००७ सालमा पहिलोपटक प्रजातन्त्र रेडियो नेपालको स्थापना भएसँगै विद्युतीय सञ्चारमाध्यमको प्रारम्भ हुन पुगेको र रेडियोको स्थापनासँगै शिशु अवस्थामा रहेको प्रजातन्त्रको सुदृढीकरण र जनसमुदायमा लोकतान्त्रिक चेतनाको विकासमा महत्वपूर्ण योगदान पुगेको स्मरण गर्नुभयो ।

देशभरि छ सयभन्दा बढी रेडियो सञ्चालन भई हजारौँ सञ्चारकर्मी रेडियोमा कार्यरत रहेको र लाखौँ स्रोताको सूचना एवम् समाचारको प्राथमिक माध्यम रेडियोहरू हुनु आफैँमा महत्वपूर्ण उपलब्धि भएको उहाँको भनाइ छ ।

जनयुद्ध, दोस्रो जनआन्दोलन एवं न्याय, समानता र स्वतन्त्रताका पक्षमा भएका न्यायपूर्ण आन्दोलनमा रेडियोले महत्वपूर्ण भूमिका खेलेको जनाउँदै प्रधानमन्त्री दाहालले शान्ति प्रक्रिया र संविधान निर्माण प्रक्रियामा सामुदायिक रेडियोले निर्वाह गरेको भूमिकाको सम्मान गर्नुभयो ।

प्रधानमन्त्री दाहालले संविधान र लोकतन्त्रमाथि गरिएका प्रहारको विरूद्ध र लोकतान्त्रिक प्रणालीको विकासका निम्ति रेडियोले खेलेको भूमिकासमेत महत्वपूर्ण रहेको भन्दै सामुदायिक रेडियोहरुको भूमिकाको प्रशंसा गर्नुभयो ।

उहाँले सामाजिक विभेद, कूरिति एवं विसङ्गतिविरूद्ध खरो रूपमा प्रस्तुत हुँदै सामाजिक जागरण एवम् रूपान्तरणका क्षेत्रमा सामुदायिक रेडियोले निर्वाह गरेको भूमिकाले सभ्य समाजको निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएको औँल्याउनुभयो । नेपालको भाषिक र सांस्कृतिक विविधता संरक्षण र सम्बर्द्धनमा रेडियोले लिएको पहलकदमीसमेत स्मरणीय रहेको उल्लेख गर्दै उहाँले विभेदमा पारिएका, सूचनाको पहुँच एवं भाषिक ज्ञानको अभावमा राष्ट्रिय मूलप्रवाहीकरणबाट वञ्चितीकरणमा पारिएका स्रोताहरूका लागि सामुदायिक रोडियोका विविध भाषाका समाचार र खोजमूलक सामग्री निकै प्रभावकारी देखिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "राष्ट्को महत्वपूर्ण पुँजीका रूपमा काम गरिरहेका सञ्चारमाध्यमको दीगो विकास एवं व्यवस्थापनको जिम्मेवारी साझा जिम्मेवारी हुन आइपुगेको छ, वाक तथा प्रेस स्वतन्त्रता र सञ्चारमाध्यमका सबलीकरणमा सरकारका तर्फबाट आवश्यक सहयोग हुने प्रतिवद्धता व्यक्त गर्दछु ।"

भूकम्प, कोभिड-१९ महामारीलगायत राष्ट्रिय विपद् र चुनौतीको कठिन समयमा त्यस्ता चुनौतीविरूद्ध सङ्घर्ष गर्न, नागरिक सचेतना एवम् अभिमुखीकरणका निम्ति रेडियोहरूले चलाएका कार्यक्रमहरू निकै प्रभावकारी देखिएको उहाँको भनाइ छ ।

प्रधानमन्त्री दाहालले 'लकडाउन'को समयमा रेडियो शिक्षा कार्यक्रममार्फत पठनपाठन नियमित गर्न र शैक्षिक सत्र नै अप्ठ्यारोमा पर्ने परिस्थितिबाट जोगाउन रेडियोले खेलेको भूमिका कहिल्यै बिर्सन नसकिने बताउनुभयो । नेपालका सामुदायिक रेडियोले डिजिटल स्कुलको जिम्मेवारीसमेत पूरा गर्नु देशकै लागि प्रेरणाको विषय भएको उहाँको भनाइ थियो ।

नेपालको संविधानले रेडियो सञ्चालन एवं नियमनको जिम्मेवारी तहगत रूपमा सङ्घ, प्रदेश र स्थानीय तहलाई प्रत्यायोजित गरेको जनाउँदै उहाँले संविधानमा व्यवस्था गरिएका एकल र साझा अधिकार सूचीको प्रभावकारी कार्यान्वयनका निम्ति नीतिगत र कानुनी प्रावधानहरू पर्याप्त नरहेको र यससम्बन्धी आवश्यक कानुनको निर्माण गर्न सरकारका तर्फबाट सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले मिडियालाई राष्ट्रिय सेवामूलक उद्योग सरह मान्यता प्रदान गरी संरक्षण र सम्वर्द्धनको नीति लिँदै आमसञ्चार माध्यममा सबै वर्ग, क्षेत्र, जाति, भाषा र समुदायको पहुँच बढाउने गरी समावेशी लोकतान्त्रिक सूचना तथा सञ्चार नीति जारी गर्न सरकार प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो ।

## बजार अनुगमन गर्नुस्, राजस्व छली रोक्नुस : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आन्तरिक राजस्व कार्यालय, राजस्व अनुसन्धान विभाग र वाणिज्य विभागलाई संयुक्तरूपमा बजार अनुगमन प्रभावकारी बनाउन निर्देशन दिनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बिहीबार आयोजित छलफलमा प्रधानमन्त्रीले संयुक्तरुपमा बजार अनुगमन नगर्दासम्म परिणाम प्रभावकारी आउन नसक्ने बताउनुभएको हो ।

प्रधानमन्त्रीले भन्नुभयो, "राजश्व छलि नियन्त्रणसम्बन्धी जति पनि नीतिगत व्यवस्था छन । ती सबैलाई प्रभावकारी रूपमा कार्यान्वयनमा लैजानुपर्दछ । बजारको सशक्त र प्रभावकारी अनुगमन गर्न आन्तरिक राजश्व कार्यालय, राजश्व अनुसन्धान विभाग र वाणिज्य विभागले संयुक्त रूपमा अनुगमन गर्नुहोस् ।"

उहाँले अवैध आयात नियन्त्रण गर्न राजस्व अनुसन्धान विभाग, सुरक्षा निकाय र स्थानीय प्रशासनले संयुक्त टोली परिचालन गर्न समेत निर्देशन दिनुभयो । "कच्चापदार्थ र तयारी पदार्थ वा वस्तुको भन्सार दरमा कम्तीमा १० प्रतिशत फरक पर्ने गरी नीतिगत पुनरावलोकन गर्ने तयारी गर्नुस् । सबै सरकारी निकायले स्वदेशी उत्पादनलाई प्रयोग गर्नुपर्ने प्राथमिक नीति निर्धारण गर्नुस्", उहाँले भन्नुभयो ।

प्रधानमन्त्रीले आयातका लागि राष्ट्रिय मापदण्ड तयारी गरी वस्तुको गुणस्तरमा प्रभावकारिता ल्याउने वातावरण बनाउन निर्देशन दिनुभयो । उहाँले छलफल गर्ने, नीति बनाउने तर कार्यान्वयन नगर्ने परि स्थिति अब रहन नहुनेमा स्पष्ट पार्नुभयो । अनुगमन सीमामा मात्र होइन, आन्तरिक बजारको पनि गर्ने गरी व्यवस्था मिलाउन उहाँको निर्देशन छ ।

छलफलमा अर्थसचिव तोयम राय, राजस्व सचिव रामप्रसाद घिमिरे, प्रधानमन्त्री कार्यालयका सचिव गणेशप्रसाद पाण्डे, आन्तरिक राजस्व विभागका महानिर्देशक दीर्घराज मैनाली, राजस्व अनुसन्धान विभागका महानिर्देशक नारायण सापकोटा, भन्सार विभागका महानिर्देशक चक्र बुढा, प्रधानमन्त्रीको सचिवालयका पदाधिकारी र व्यवसायी उपस्थित हुनुहुन्थ्यो ।

छलफलमा सहभागी व्यवसायीका प्रतिनिधिले आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्नेगरी सरकारले नीति, कार्यक्रम र कार्यान्वयनको पक्षमा ध्यान दिनुपर्ने बताएका थिए । रासस

# सञ्चारमाध्यमले प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्छ : महामन्त्री थापा




काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले सञ्चारमाध्यम सधैभरि सचेत हुनुपर्ने बताउनुभएको छ ।

सामुदायिक रेडियो प्रसारक सङ्घ (अकोराव)को स्थापना दिवसका अवसरमा बिहीबार आयोजित सामुदायिक रेडियो राष्ट्रिय सम्मेलन तथा १७ साधारणसभामा शुभकामना मन्तव्य राख्नुहुँदै उहाँले सरकारले निरन्तररुपमा विधिको शासनको परिपालन गरिरहेको छ कि छैन भन्नेमा रेडियो सचेत हुनुपर्ने बताउनुभयो ।

"सञ्चारमाध्यम सधैको प्रतिपक्ष हो । नेताहरुमा प्रतिपक्षमा रहँदा बेठिक लागेका कुरालाई सरकारमा रहँदा ठीक ठान्ने प्रवृत्ति हुन्छ", उहाँले भन्नुभयो, "यसका लागि सञ्चारमाध्यमले सधैँ प्रतिपक्षी भूमिका निर्वाह गर्नुपर्छ ।"

उहाँले अभिवृद्धि स्वतन्त्रतालाई खुला पनि राख्दै दुरुपयोग हुन नदिन पनि मिलेर काम गर्नुपर्ने बताउनुभयो । "समुदायलाई सही सूचना दिने दायित्व सामुदायिक रेडियोको हो । यसका लागि सामुदायिक रेडियोसँग धेरै स्पेस छ", उहाँले भन्नुभयो ।

महामन्त्री थापाले आफूसँग रेडियोमा काम गरेको अनुभव भएको बताउँदै रेडियोका साथीहरूले बोलाएपछि महत्व दिएर कार्यक्रममा बोलिदिने गरेको बताउनुभयो । "सामुदायिक रेडियोले राजस्व र नवीकरणका पक्षमा छुटका लागि सरकारसँग माग राख्ने, आवाज बुलन्द गर्ने काम गर्नुपर्ने र आफ्ना कुरा सरकारसँग भन्नुपर्छ", उहाँले भन्नुभयो ।

महामन्त्री थापाले नकारात्मक धारणा आउँछ भन्ने आधारमा नागरिकका अधिकारलाई खुम्च्याइनु नहुने, भुइँमान्छे, तन्नेरी, समाजका कुरा सामुदायिक रेडियोले बजाउनुपर्नेमा जोड दिनुभयो ।

नेकपा (एमाले)का उपमहासचिव पृथ्वीसुब्बा गुरुङले अहिलेको अवस्थामा सामुदायिक रेडियो चेपुवामा परेको बताउनुभयो । उहाँले राज्य सामुदायिकरेडियोलाईप्राथमिकतामा नराख्दा आर्थिकलगायत विभिन्न कारणबााट सामुदायिक रेडियो चेपुवामा परेको धारणा राख्नुभयो ।

"हाम्रो नीतिहरु बदलिनुपर्छ । हिजोकै नीतिबाट अहिले चल्न सक्दैन । सामुदायिक रेडियो चेपुवामा परेको छ । सङ्कटबाट मुक्त गर्न, बलियो बनाउन राज्यको भूमिका चाहिने अवस्था छ", उहाँले भन्नुभयो ।

नेकपा (एकीकृत समाजवादी) पार्टीका उपाध्यक्ष राजेन्द्र पाण्डेले दक्षिण एशियाकै पहिलो सामुदायिक रेडियोका रुपमा सगरमाथा रेडियो सञ्चालन भएको स्मरण गर्नुहुँदै जनआन्दोलनलाई सफल बनाउन, विभेदको अन्त्य गर्न, जनतामा जागरण ल्याउन, भ्रष्टाचार न्यूनीकरण गर्न पनि रेडियोको भूमिका महत्वपूर्ण भएको बताउनुभयो ।

"सामुदायिक रेडियोलाई बचाइराख्नुपर्छ । रेडियोसँग सम्बन्धित ऐन बनाउँदा संसद्मा म रेडियोको पक्षमा रहनेछु", उपाध्यक्ष पाण्डेले भन्नुभयो, "सामुदायिक रेडियोले स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्ने खालका सामग्री बजाउनुपर्छ । स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्ने कुरासामुदायिकरेडियोकोप्राथमिकतामा पर्नुपर्छ ।"

जसपाका प्रवक्ता मनिष सुमनले रेडियो पहिलो सूचनाको संवाहक भएको बताउँदै देशलाई उठाउन सामुदायिक रेडियोको महत्वपूर्ण भूमिका भएको बताउनुभयो । मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले मानव अधिकारका धेरै सवाल सञ्चारमाध्यमबाट उजागर हुने बताउनुभयो ।

उहाँले मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा भूमिका खेलेकामा धन्यवाद व्यक्त गर्नुहुँदै सामुदायिक रेडियोसँग सहकार्य गरेर अगाडि बढ्ने बताउनुभयो । अध्यक्ष मगरले सञ्चारकर्मीको सुरक्षामा राज्यले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा वैकुण्ठ अर्याल सामुदायिक रेडियोका सम्पूर्ण समस्यालाई लिपिबद्ध गरेर लिएर आउन आग्रह गर्नुभयो । उहाँले अब बन्ने कानुनमा ती विषय समेट्न तयार रहेको बताउँदै सामुदायिक रेडियोलाई सही सूचना पुऱ्याउन आग्रह गर्नुभयो ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले सामुदायिक रेडियोको दिगोपनका लागि राज्यले काम गर्न नसकेको तर्क गर्नुभयो ।

"गणतन्त्रका मूल्यमान्यताअनुसार संसद्मा कानुन निर्माण सुस्तरुपमा बढेको अवस्था छ। लोकतन्त्रलाई मजबुत बनाउन सञ्चारमाध्यम समृद्ध हुन आवश्यक छ। सञ्चार क्षेत्र सूचना प्रवाहसँग जोडिएकाले सरकारले यसलाई कर उठाउने माध्यमको रुपमा लिन हुँदैन", अध्यक्ष पोखरेलले भन्नुभया । उहाँले पहुँचका आधारमा विज्ञापन दिने पद्धति अन्त्य होस् भन्ने हाम्रो चाहना रहेको बताउनुभयो ।

कार्यक्रममा संयुक्त राष्ट्रसङ्घका मनिटरिङ कमिटीकी सदस्य बन्दना राणा, अकोरावका संस्थापक अध्यक्ष संस्थापक अध्यक्ष रघुनाथ मैनाली, नगरपालिका महासङ्घका अध्यक्ष भीम ढुङ्गाना, गाउँपालिका राष्ट्रिय महासङ्घकी अध्यक्ष लक्ष्मी पाण्डे, विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंलगायतका व्यक्तित्वले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

अकोराबका अध्यक्ष अर्जुन गिरीले सामुदायिक रेडियोले नेपालको राजनीतिक सामाजिक रुपान्तरणमा महत्वपूर्ण भूमिका खेलेको र नेपालको सामुदायिक रेडियो विश्वमा नमुनायोग्य भएको बताउनुभयो । उहाँले सामुदायिक रेडियोले ७० भाषामा समाचार तथा कार्यक्रम प्रसारण गरिरहेको बताउनुभयो । रासस

# गण्डकीमा पनि सत्ता फेरबदलको सङ्केत

गण्डकी । राष्ट्रपति चुनावमा पुरानै गठबन्धन ब्युँतिएपछि गण्डकी प्रदेशमा पनि सत्ता समीकरण फेरिने सङ्केत देखिएको छ। गठबन्धनमा सामेल नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)ले नयाँ सरकार बनाउन आन्तरिक कसरत थालेका छन् ।

केन्द्रीय समीकरणमा आएको फेरबदलसँगै प्रदेश सरकार पनि फेरिने स्थिति बनेको हो । अहिले गण्डकी प्रदेशको सरकार नेकपा (एमाले)को नेतृत्वमा छ। माओवादी केन्द्र र राष्ट्रिय प्रजातन्त्र पार्टीको समर्थनमा गत पुस २५ गते एमालेका खगराज अधिकारी मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो ।

कांग्रेसको गण्डकी प्रदेशसभा संसदीय दलका नेता सुरेन्द्र पाण्डेले माओवादी केन्द्रले मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिनासाथ नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्ने बताउनुभयो ।

"प्रदेश सरकारको नेतृत्व बाँडफाँटबारे गठबन्धन दलको शीर्ष तहमा छलफल भइरहेको छ, एक/दुई दिनभित्रैमा त्यसको टुङ्गो लाग्ला", उहाँले भन्नुभयो, "गण्डकीमा पनि माओवादीले सरकार छाडेर समर्थन फिर्ता लिएपछि संवैधानिक व्यवस्थाअनुसार अर्को सरकार बनाउने प्रक्रिया सुरु हुन्छ ।"

अ ा ठ प्रदेशसभा सदस्य (सभामुखसहित) रहेको माओवादी केन्द्रले समर्थन फिर्ता लिनासाथ अहिलेको सरकार अल्पमतमा पर्छ । सरकारलाई माओवादीसहित एमालेका २२ र राप्रपाका दुई प्रदेशसभा सदस्यको समर्थन छ । साठी सदस्यीय प्रदेशसभामा राप्रपाले मात्र समर्थन फिर्ता लिँदा पनि सरकारले बहुमत गुमाउँछ।

सङ्घ र अरु केही प्रदेश सरकारबाट हटेको राप्रपाले गण्डकीबाट भने अझै बाहिरिने निर्णय गरेको छैन । गण्डकी सरकारमा मुख्यमन्त्रीसहित एमालेका चार, माओवादी केन्द्रका दुई र राप्रपाका एक मन्त्री हुनुहुन्छ ।

कांग्रेस संसदीय दलका नेता पाण्डेले आफूहरु माओवादी निर्णयको पखाईमा रहेको बताउनुभयो । "पहिले माओवादीले सरकार छोड्नुपऱ्यो, समर्थन फिर्ता लिनुपऱ्यो", उहाँले भन्नुभयो, "त्यसपछि मुख्यमन्त्रीसँग दुई वटा विकल्प बाँकी रहन्छन्, कि राजीनामा दिने नत्र ३० दिनभित्र विश्वासको मत लिनुपर्छ ।"

विश्वासको मत पाउन नसक्ने स्थितिमा मुख्यमन्त्रीले राजिनामा दिनु उत्तम हुने नेता पाण्डेको भनाइ छ । राजीनामा नदिएको खण्डमा संवैधानिक व्यवस्थाअनुसार प्रक्रिया अघि बढ्ने उहाँले बताउनुभयो ।

संविधानले नै एक महिनाभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था गरेपछि प्रदेशसभाको विशेष अधिवेशन डाक्नुको औचित्य नरहने नेता पाण्डेले उल्लेख गर्नुभयो ।

प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री एवं माओवादी केन्द्रको संसदीय दलका नेता हरिबहादुर चुमानले केन्द्रमा सत्ता समीकरण फेरिएपछि त्यसको प्रभाव प्रदेशमा पनि स्वाभाविकरुपमा पर्ने बताउनुभयो ।

"सङ्घ सरकारबाट हटे पनि प्रदेशबाट एमाले हटेको छैन, तर यो अवस्था अब धेरै दिन रहँदैन", उहाँले भन्नुभयो, "हामी पनि केन्द्रको निर्देशन कुरेर बसिरहेका छौँ, माओवादीले मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएपछि स्वाभाविकरुपमा नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्छ ।"

नेता चुमानले दुई पटक एमाले र एक पटक कांग्रेसको नेतृत्वमा सरकार बनाउन माओवादीले भूमिका खेलेको भन्दै अबको मुख्यमन्त्रीमा आफूहरुको दाबी रहने बताउनुभयो ।

"माओवादीले मुख्यमन्त्री पाउनुपर्छ, यो स्वाभाविक दाबी हो, यसपाली कांग्रेसले हामीलाई सघाउनुपर्छ", उहाँले भन्नुभयो, "आलोपालो नेतृत्वमा जाँदा पछि कांग्रेसले पाउँछ, अहिले माओवादीलाई दिनुपर्छ ।"

गण्डकी प्रदेश सरकारको नेतृत्व लिने विषयमा प्रधानमन्त्री एवं पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेटेर कुरा राखेको नेता चुमानले बताउनुभयो । "सरकारलाई विधि र प्रणालीमा चलाउन हामी सक्षम छौँ, मुख्यमन्त्रीको नेतृत्व लिन म तयार छु", उहाँले भन्नुभयो ।

उता नेपाली कांग्रेस पनि पहिले आफ्नै नेतृत्वमा सरकार बनाउने गृहकार्यमा रहेको छ । २७ सदस्यसहित कांग्रेस प्रदेशसभाको सबैभन्दा ठूलो दल हो । कांग्रेस संसदीय दलका नेता पाण्डेले गण्डकी प्रदेश सरकारको नेतृत्व कांग्रेसले नै गर्ने बताउनुभयो । "सरकारको नेतृत्व कांग्रेस र माओवादीले आलोपालो गर्ने गरी ठोस सहमति त भएको छैन, तर आलोपालो हुन सक्छ", नेता पाण्डेले भन्नुभयो । उहाँले पहिलो चरणमा कांग्रेसले नै सरकारको नेतृत्व गर्छ र त्यसपछि माओवादी पार्टीसँग आलोपालोको सहमति हुनसक्छ ।

हालै सम्पन्न राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा गत मङ्सिरमा सम्पन्न भएको आमनिर्वाचनमा गठबन्धन गरेका दलहरुबीचको समीकरण ब्युँतिएपछि यसको प्रभाव सङ्घीय सरकारमा परिसकेको छ । सङ्घीय सरकारबाट एमाले बाहिरिएको छ भने नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी) सत्तारोहणको तयारीमा छन् ।

अब यसका प्रभाव देशका प्रदेश सरकारमा पनि पर्ने देखिएको छ । सोहीबमोजिम गण्डकी प्रदेश सरकारमा पनि परिवर्तनको सङ्केत देखिएको बताइएको छ । रासस

## मेरिल्याण्डमा सवारी दुर्घटना हुँदा छ जनाको मृत्यु

**सिन्ह्वा**

वासिङ्टन। मेरिल्याण्डमा बुधबार भएको सडक दुर्घटनामा छ जनाको मृत्यु भएको छ। इन्टरस्टेट हाइवे ६९५ मा भएको दुर्घटनमा कारमा सवार सबै छ जनाको घटनास्थलमा नै मृत्यु भएको आपत्कालीन स्वास्थ्य सेवाका कर्मचारीले बताएका छन्।

सडकमा मर्मतसम्भार भइरहेका बेला तीव्र वेगमा हुइँकिएको एउटा कार अस्थायी रुपमा खडा गरिएको पर्खाल लडाएर काम भइरहेको स्थानमा आएर पल्टिएको थियो। उक्त कारको ठक्करबाट सडकमा काम गरिरहेका केही कामदार पनि घाइते भएका प्रहरीले जनाएको छ। मृतकको सनाखत हुन बाँकी छ। गम्भीर घाइते भएका चालकलाई अस्पताल पुऱ्याइएको छ। दुर्घटनाको अनुसन्धान जारी रहेको प्रहरीले बताएको छ।

यसैबीच, म्यान्माको याङ्गुन-माण्डले राजमार्गमा आज बिहान भएको सवारी दुर्घटनामा दुई जनाको घटनास्थलमा नै मृत्यु भएको तथा अन्य १४ जना घाइते भएका राजमार्ग प्रहरीले बताएको छ। दुवै मृतक पुरुष हुन्।

# मानहानीको अभियोगमा राहुल गान्धीलाई दुई वर्ष जेल

**पिटिआई**

नयाँदिल्ली। भारतीय काङ्ग्रेसका नेता राहुल गान्धीलाई गुजरातको एक अदालतले मानहानी मुद्दामा दोषी ठहर गर्दै दुई वर्षको जेल सजाय सुनाएको छ।

विपक्षी दलका नेता गान्धीले प्रधानमन्त्री नरेन्द्र मोदीको थरका बारेमा गरेको टिप्पणीले समस्त मोदी थर भएकाको मानहानी भएको ठहर गर्दै सुरतस्थित अदालतले आज उक्त आदेश गरेको हो। गान्धीले तत्काल जेल जानु पर्दैन किनकी उहाँलाई उक्त फैसलाविरुद्ध अपिल गर्ने ३० दिनको म्याद दिइएको छ।

सन् २०१९ मा कर्नाटक राज्यको कोलारमा आयोजित चुनावी सभामा नेता गान्धीले 'चोर मोदीहरू' भन्नुभएको थियो। उहाँले भगौडा व्यापारी नीरब मोदी र ललित मोदीलाई लक्ष्य गर्दै त्यसो भन्नुभएको थियो। नेता गान्धीको उक्त अभिव्यक्तिले मोदी थर भएका सबैको मानहानी भएको जिकिर गर्दै भारतीय जनता पार्टी (भाजपा) का विधायक एवम् गुजरात राज्यका पूर्वमन्त्री पूर्णेश मोदीले उहाँविरुद्ध मुद्दा दायर गर्नुभएको थियो।

अदालतको फैसला सुन्न नेता गान्धी सुरत अदालत पुग्नुभएको थियो। "मेरो धर्म सत्य र अहिंसामा आधारित छ। मेरो भगवान् सत्य हो, अहिंसा यसलाई प्राप्त गर्ने माध्यम हो," अदालतको आदेशपछि सामाजिक सञ्जालमा



महात्मा गान्धीलाई उद्धृत गर्दै राहुल गान्धीले हिन्दीमा लेख्नुभएको छ।

फैसला सन्न बुधबार सुरत पुग्नुभएका नेता गान्धीलाई पार्टीका शीर्ष नेता तथा कार्यकर्ताले स्वागत गरेका थिए। पार्टीका समर्थकले सुरतका विभिन्न क्षेत्रमा गान्धीका पक्षमा प्रदर्शन गरेका छन्। प्रदर्शनकारीले 'भाजपाको तानाशाही अगाडि काङ्ग्रेस नझुक्ने' 'राहुल गान्धी हिन्दुस्तानको सिंह हुनुहुन्छ' लेखिएका बोकेका 'प्लेकार्ड' बोकेका थिए।

अदालतको फैसला सार्वजनिक हुने वित्तिकै दिल्लीका मुख्यमन्त्री एवम् आम आद्मी पार्टीका प्रमुख अरविन्द केजरीवालले नेता गान्धीको समर्थन गर्दै न्यायालयको निर्णयप्रति असहमति जनाउनुभएको छ। "गैर भाजपा नेता तथा पार्टीलाई मुद्दा लगाएर हटाउने षडयन्त्र रचिएको छ।

काङ्ग्रेससँग हाम्रा मतभेद छ, तर राहुल गान्धीलाई मानहानीको मुद्दामा फसाउनु ठीक होइन। हामी अदालतको समर्थन गर्छौं तर यो निर्णयमा हामी असहमत छौं," जनता र विपक्षी दलले प्रश्न गर्न पाउनुपर्ने तर्क गर्दै मुख्यमन्त्री केजरीवालले सामाजिक सञ्जाल ट्विटरमा लेख्नुभएको छ।

# एसियन कप छनोटमा नेपाल समूह 'बी' मा

काठमाण्डु। उज्वेकिस्तानमा आयोजना हुने एएफसी यू-२० महिला एसियन कप छनोट-२०२४ फुटबल प्रतियोगिताअन्तर्गत दोस्रो चरणको छनोटमा नेपाल समूह 'बी' मा परेको छ।

एसियाली फुटबल महासङ्घ (एएफसी)ले आज सार्वजनिक गरेको समूह विभाजनअनुसार नेपाल समूह 'बी' मा परेको हो। नेपालको समूहमा चीन, म्यानमार र चाइनिज ताइपे रहेका छन्।

समूह 'ए' मा अष्ट्रेलिया, भियतनाम, इरान र लेबनान रहेका छन्। यसअघि प्यालेस्टाइनमा भएको पहिलो चरणको छनोटबाट नेपाल दोस्रो चरणमा पुगेको हो। त्यतिबेला नेपाल आफ्नो समूहको विजेता बन्दै दोस्रो चरणमा पुगेको हो। नेपालले पहिलो खेलमा प्यालेस्टाइन र दोस्रो खेलमा नर्दन मारियाना आइल्यान्डलाई पराजित गरेको थियो।

दोस्रो चरणको छनोट आगामी जुन ३ देखि ११ तारिखसम्म हुनेछ। जसबाट उत्कृष्ट चार टोलीले उज्वेकिस्तानमा हुने यू-२० महिला एसियन कप खेल्नेछन्। उज्वेकिस्तानमा हुने यू-२० महिला एसियन कप २०२४ को मार्चमा हुनेछ। यू-२० महिला एसियन कपमा विभिन्न १६ टोलीले प्रतिस्पर्धा गर्नेछन्।रासस

# विराट गोल्डकपले मोफसलको फुटबलमा थपेको उत्साह



**टुडे समाचारदाता**

विराटनगर। राजधानीको दशरथ रंगशालामा मात्रै सम्भव हुँदै आएको रात्रीकालीन फुटबलको २०७४ मा विराटनगरले आयोजना गरेर नयाँ सम्भावना देखाएको थियो।

अरुबेला सिला खोजेको झैं भन्न मिल्ने दर्शक सहभागितामा हुने विराटनगरको फुटबलमा २०७४ को रात्रीकालीन विराट गोल्डकपले नयाँ आशा सन्चारित गरेको थियो। व्यवस्थापन गर्नसमेत हम्मे पर्ने दर्शकको उपस्थितिले मोफसलको फुटबललाई नयाँ उचाइ दिएको थियो।

यसरी हजारौं दर्शकलाई रंगशालासम्म डोऱ्याउन सफल मानिएको विराट गोल्डकपको रात्रीकालीन फुटबलको तेस्रो संस्करण बिहीबारदेखि फेरि सुरु हुँदैछ। अबको एक साता विराटनगरको रात्रीकालीन माहोल फुटबलमय बन्ने आशा यहाँका फुटबलकर्मीको छ।

जाडोमा ज्यादै जाडो र गर्मीमा उस्तै हपहपी विराटनगर जस्तो सुदूर दक्षिणी शहरको मौषमी विशेषता हो। अझ उद्योगन्दाको भीड, यातायातका साधन र मानव आवादीको सघन उपस्थितिले गर्मी महिनामा विराटनगर खपिनसक्नुगरी तातिन्छ। यस्तो उखुमै गर्मी हुने ठाउँमा गर्मी यामको चर्को घाममा हुने फुटबलले खेलाडी र दर्शक दुवैलाई सताउँथ्यो। तर, रात्रीकालीन फुटबलले विराटनगरको फुटबल इतिहासलाई नयाँ दिशा दिएको थियो।

'नेपाली फुटबल इतिहासकै सबैभन्दा भव्य र ठूला प्रतियोगिताहरू विराटनगरले आयोजना गरिसकेको छ', पूर्व फुटबलर तथा रेफ्री किरण गिरी भन्छन् 'तर, राति हुने प्रतियोगिताको चार्म बेग्लै हुनेरहेछ। राति सबै फुर्सदमा हुने भएपछि फुटबल हेर्न मैदान आउने धेरै हुँदार हेछन्। २०७४ पछि हामीले देखेको र अनुभव गरेको तथ्य यही हो।'

रात्रीकालीन र दिवाकालीन फुटबलको अन्तरको व्याख्या गर्न गिरीले यसअघिका दुई वटा प्रतियोगितालाई दाँजे।

२०७४ र २०७५ को बीचमा विराटनगरस्थित सहिद मैदानमा दुई वटा ठूला फुटबल प्रतियोगिता आयोजना भएका थिए। २०७४ को चैतमा आयोजना भएको विराट गोल्डकप र २०७५ को चैतमा आयोजना भएको महिला साफको पाँचौ संस्करणले फरक पेश गरेको थियो। स्वदेशका विभिन्न क्लबहरु सहभागी विराट गोल्डकपमा दर्शकको भीड थामिनसक्नु थियो। तर, दक्षिण एशियाका महिला टिम सहभागी साफका खेलहरु भने दर्शकविहीन झैं थिए।

त्यसबेलै पूर्वका फुटबलकर्मीहरुको निष्कर्ष थियो, विराट गोल्डकपमा अधिक दर्शक सहभागिता र साफमा भएको न्यून सहभागिताको मुख्य कारण समय थियो। विराट गोल्डकप २०७४ मा पहिलोपटक रात्रीकालीन समयमा खेलाइएको थियो। अस्थायी फ्लड लाइटको उज्यालोमा आयोजना भएको त्यो प्रतियोगितामा आयोजकलाई दर्शक व्यवस्थापन चुनौतीपूर्ण बन्दा वर्षदिनपछिको साफमा भने दर्शक ज्यादै कम्ती थिए।

'वर्किङ आवरमा फुटबल प्रतियोगिता आयोजना हुँदा दर्शक सहभागिता ज्यादै कम हुने दृष्टान्त त्यसबेला प्रत्यक्ष अनुभव गर्न पाइएको थियो' गिरीले सुनाए 'तर, राति आयोजना गर्दा सामान्य रुची भएका दर्शक पनि मैदानसम्म आउनेरहेछन्। अधिक दर्शकको सहभागिताले खेलाडी, आयोजक र खेल पर्यटनमा ठूलो टेवा पुग्नेरहेछ।'

बिहीबार रातिबाट सुरु भएको विराट गोल्डकपको अर्को संस्करणले पनि संघीय राजधानी बाहिरको फुटबल माहोल तताउने आयोजकको विश्वास छ।

'विराट गोल्डकपको नयाँ संस्करणले यहाँको खेल संस्कारमा नयाँ योगदान गर्ने कुरामा ढुक्क छौं', विराट गोल्डकप आयोजक समितिका संयोजकसमेत रहेका विराटनगर महानगरका मेयर नागेश कोइरालाले भने 'दैनिक हजारौं दर्शकको उपस्थितिमा हुने प्रतियोगिताले यहाँको खेलकुद मात्रै होइन, व्यापार, खेल पर्यटनमा पनि सघाउनेछ।' मेयर कोइराला पनि प्रतियोगिताको प्रमुख विशेषता रात्रीकालीन समय नै भएको बताउँछन्। 'पहिले रातिको फुटबल हेर्न काडमाडौंमा मात्रै सम्भव थियो', उनले थपे 'केही वर्षयता विराटनगरमा सम्भव भएको छ। यसले फुटबलमा जनसभागिता कयौं गुणा बढाउने रहेछ।'

नेपालमा आयोजना हुने पुराना प्रतियोगिताहरुमध्येको एक थियो महेन्द्र गोल्डकप। २०६२-२०६३ को जनान्दोलनपछि राजतन्त्र ढल्यो। जसै राजतन्त्र ढल्यो, नागरिक स्तरबाटै राजाका नाम जोडिएका सम्पदाका नाम फेरिन थाले। राजाहरुका शालिक ढल्न थाले। त्यही चेतले महेन्द्र गोल्डकपलाई पनि विराट गोल्डकपमा रुपान्तरण गऱ्यो।

विसं २०१८ सालमा तत्कालीन बडाहाकिम दामोदर शमशेरले राजा महेन्द्रको नाममा 'श्री ५ महेन्द्र गोल्डकप' स्थापना गरेर विराटनगरमा आयोजना गरेका थिए। २०६८ सालबाट 'महेन्द्र गोल्डकप' 'विराट गोल्डकप' मा बदि् लयो। 'महेन्द्रको नाममा भन्दा विराटमा स्थानीयबासीले अपनत्व महसूस गरे', पूर्वरेफ्री किरण गिरीले थपे 'नामले पनि मान्छेहरुमा अपनत्वको महसूस हुँदोरहेछ।'

२०६८ मा नाम बदलिएर सुरु भएको प्रतियोगिता आयोजकहरु अनेक दुःख गर्थे तर मैदानमा दर्शक अपेक्षाकृत रुपमा आउँदैन थिए। जे जसरी भए पनि विराट गोल्डकपको आयोजनाको परम्परा धानिएको थियो।

२०७४ चैत्र १७ देखि सुरु भएको विराट गोल्डकप पहिलोपटक रात्रीकालीन समयमा भयो। त्यो प्रतियोगिताका संयोजक रहेका हाल मोरङ व्यापार संघका अध्यक्ष नविन रिजाल सम्झिन्छन् 'रातिको समयमा आयोजना गरिएको त्यो प्रतियोगिताले विराटनगरको फुटबल इतिहासको मुहार नै फेरेको थियो। अकल्पनीय दर्शक उपस्थिति, शान्त र सभ्य रुपमा प्रतियोगिता सम्पन्न हुँदा यहाँ डे-नाइट स्पोर्ट्स सिटी बनाउन सकिने सम्भावना देखियो।'


एक महिना मात्र बाँकी थियो, प्रतियोगिता आयोजना गर्नका लागि एक सय फिटको स्टिलको पोल लगाउन आर्थिक समस्याका कारण सम्भव थिएन। त्यसबेला बाँसको पोलमा लाइट जडान गर्ने सहमति भयो। र, मैदानमा उज्यालो छरियो।

रिजालका अनुसार त्यसबेला नेपालमा फ्लड लाइट सम्बन्धी प्राविधिक ज्ञान भएको जनशक्ति ज्यादै कम थियो। 'लाइट नपुगेर नेदरल्याण्डबाटसमेत मगाएका थियौं', उनले भने ' अहिले प्रदेश सरकारले स्थायी लाइटको प्रबन्ध गरेपछि सहज भएको छ।'

उनका अनुसार ६ हजार ५ सय क्षमताको रंगशालामा क्षमताभन्दा धेरै बढी दर्शक प्रवेश गर्ने गरेका छन्। आजदेखि सुरु हुने प्रतियोगिताको उद्घाटन खेल आयोजक विराटनगर सिटी फुटबल क्लव र नेपाल प्रहरीबीच हुँदैछ।

फाइनल खेल १६ गते हुने प्रतियोगिताको विजेताले २० लाख १५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्ने भएको छ। आयोजकले गत संस्करणमा १५ लाख १५ हजार रहेको पुरस्कार राशीमा ५ लाख वृद्धि गरेर २० लाख १५ हजार पुऱ्याएको हो। आयोजक विराट गोल्ड कप ट्रष्टका अध्यक्ष सन्तोष बानियाँका अनुसार उपविजेता हुने टिमले १० लाख २५ हजार रुपैयाँ प्राप्त गर्नेछ। गत संस्करणमा उपविजेताले ७ लाख ५१ हजार प्राप्त गरेको थियो। नेपालका ए डिभिजन र भारत तथा भूटानका टोलीहरु पतियोगितामा सामेल हुनेछन्।

# दक्षिण चीन सागरबाट युद्धपोत हटाउन अमेरिकालाई चीनको चेतावनी



**एएफपी**

बेइजिङ। चीनले अमेरिकालाई दक्षिण चीन सागरबाट सेना फर्काउन अमेरिकालाई चेतावनी दिएको छ। चिनियाँ जनमुक्ति सेनाले अमेरिकी युद्धपोतलाई दक्षिण चीन सागर छाड्न आज चेतावनी दिएको हो।

जनमुक्ति सेनाले आफ्नो जलक्षेत्रमा अमेरिकी युद्धपोतलाई फेला पारेको जनाउँदै तत्काल फर्कन चेतावनी दिएको बेइजिङले बताएको छ। चीनले दक्षिण चीन सागरमा आफ्नो अधिकार दाबी गर्दै आएको छ। यद्यपि चीनको उक्त दाबीमा कुनै कानुनी आधार नभएको निर्णय अन्तरराष्ट्रिय अदालतले गरेको छ।

फिलिपिन्स, भियतनाम, मलेसिया र ब्रुनाइले पनि दक्षिण सागरको पानीमा आफ्नो दाबी गरेका छन्भने अमेरिकाले अन्तरराष्ट्रिय जलक्षेत्रमा जहाज चलाउन पाउनुपर्ने सबैको नैसर्गिक अधिकार भएको बताउँदै आएको छ।

चीन सरकारको अनुमति बिना चिनियाँ जलक्षेत्रमा गैरकानुनी रुपमा अमेरिकी युद्धपोत प्रवेश गरेर यस क्षेत्रको शान्ति र स्थायित्वमा खलल पुगेको जनमुक्ति सेनाले बताएको छ। यस सम्बन्धमा अमेरिकाले कुनै प्रतिक्रिया दिएको छैन।

# साउदी र इरानका विदेशमन्त्रीबीच फोनवार्ता, पछिल्लो सम्झौता कार्यान्वयनको प्रतिबद्धता

**एएफपी**

रियाद। साउदी अरब र इरानी विदेशमन्त्रीबीच टेलिफोन वार्ता भएको छ। वार्ताका क्रममा उहाँहरूले हालै भएको ऐतिहासिक द्विपक्षीय मेलमिलाप सम्झौता कार्यान्वयन गर्न शीघ्र भेट्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

साउदी अरबका विदेशमन्त्री राजकुमार फैसल बिन फरहानले होसेन अमिर-अब्दुल्लाहियानलाई फोन गरेर आजदेखि प्रारम्भ भएका पवित्र महिना रमजानको अवसरमा बधाई तथा शुभकामना आदानप्रदान गर्नुभएको साउदी विदेश मन्त्रालयले ट्विटरमा पोस्ट गरेको विज्ञप्तिमा जनाइएको छ।

दुवै देशका विदेशमन्त्री आ-आफ्नो मुलुकमा एकअर्काका दूतावास र वाणिज्य दूतावास पुनः सञ्चालनको खाका तयार गर्न चाँडै द्विपक्षीय बैठक गर्न सहमत हुनुभएको विज्ञप्तिमा उल्लेख छ।

इरान र साउदी अरबबीच सात वर्षदेखि चिसिएको एवम् विच्छेद भएको सम्बन्ध चीनको मध्यस्थतामा यसै महिनाको १० तारिखदेखि पुनःस्थापित भएको हो।

सिया धर्मगुरु निम्र अल-निम्रलाई साउदी अरबले फाँसी दिएपछि इरानी प्रदर्शनकारीहरूले सन् २०१६ तेहरानस्थित साउदी कूटनीतिक नियोगमा आक्रमण गरेका थिए। उक्त आक्रमणपछि रियादले तेहरानसँगको सम्बन्ध विच्छेद गरेको हो। दुवै क्षेत्रीय प्रतिद्वन्द्वीलाई सहकार्य र साझेदारीको बाटोमा ल्याएर चीनले विश्वव्यापी प्रशंसा पाएको छ।

चीनको मध्यस्थतामा भएको तेहरान र रियादबीचको सम्झौताले शिया बहुल इरान र मुख्यतया सुन्नी मुस्लिम भएको साउदी अरबले दुई महिनाभित्र आफ्ना दूतावास पुनः खोल्ने तथा २० वर्ष अघि हस्ताक्षर गरिएका सुरक्षा र आर्थिक सहयोगसम्बन्धी सम्झौता कार्यान्वयन गर्ने अपेक्षा गरिएको छ।

गत आइतवार एक इरानी अधिकारीले बताएअनुसार राष्ट्रपति इब्राहिम रायसीले राजा सलमानबाट साउदी भ्रमणको निमन्त्रणा प्राप्त भएको छ। यद्यपि रियादले त्यो पुष्टि गर्न बाँकी छ। दुवै देशले शीर्ष कूटनीतिक तहमा बैठक गर्न सहमति जनाउँदै तीन वटा बैठक स्थानबारेसमेत सुझाव दिएका जनाइएको छ।

## युक्रेनको प्लान्टको अवस्था 'खतरनाक' रहेको संयुक्त राष्ट्रसङ्घका आणविक प्रमुखको भनाइ



**एएफपी**

भियना। संयुक्त राष्ट्रसङ्घीय आणविक निकायका प्रमुखले युक्रेनको जापोरिजिया विद्युत गृहमा यसै महिना रूसी क्षेप्यास्त्र आक्रमणपछि त्यहाँको अवस्था 'खतरनाक' रहेको बताउनुभएको छ।

युरोपको सबैभन्दा ठूलो आणविक ऊर्जा केन्द्रलाई आणविक इन्धन राख्ने रिएक्टर र पोखरीलाई चिसो पार्न पानी प्रवाह गर्ने पम्पहरू सञ्चालन गर्न भरपर्दो बिजुली आपूर्तिको आवश्यकता पर्दछ।

आणविक ऊर्जा केन्द्रका प्रमुख राफेल ग्रोसीका अनुसार मार्च ९ मा रूसी आक्रमणपछि यो प्लान्ट एकल 'ब्याकअप पावर लाइन'मा निर्भर छ।

"युक्रेनको जापोरिजिया विद्युत गृह अनिश्चित अवस्थामा छ," ग्रोसीले बुधबार जारी गरेको विज्ञप्तिमा भनिएको छ।

"प्लान्टको ग्रिडमा पहुँचको कमी र यसको अन्तिम आपतकालीन विद्यूतीय लाइनमा आवश्यक मर्मत कार्यले बिजुलीको पूर्ण हानि हुन सक्छ, जसले गर्दा रूसले एक वर्ष पहिले यसलाई कब्जा गरेदेखि सातौं पटक डिजेल जेनेरेटरमा निर्भर हुन सक्छ," ग्रोसीले भन्नुभयो।

उहाँले भन्नुभयो, "म फेरि एक पटक प्लान्टमा आणविक सुरक्षा र सुरक्षा सुरक्षित गर्न सबै पक्षबाट प्रतिबद्धताको लागि आह्वान गर्दछु।"

युक्रेनी आणविक ऊर्जा एजेन्सी एनरगोएटमका अनुसार प्लान्टको सुरक्षा प्रणालीलाई शक्ति प्रदान गर्न आपतकालीन डिजेल जेनेरेटरहरू सक्रिय गरिएको थियो। यसले दुर्घटनाको जोखिमको चेतावनी दिएको छ।

यी जेनेरेटरहरूबाट उत्पादित बिजुली बिना, रिएक्टर ईन्धनको अत्यधिक तातोले आणविक दुर्घटना निम्त्याउन सक्छ।

यसैबीच युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले जापानका प्रधानमन्त्री फुमियो किशिदासँग प्लान्टको अवस्थाबारे छलफल भएको बताउनुभएको छ। जेलेन्स्कीले मङ्गलबार पत्रकारसँग भन्नुभएको थियो, "हामीले हाम्रो आणविक प्लान्टको कब्जा हटाउनका लागि थप प्रभावकारी संयन्त्र कसरी पत्ता लगाउने भन्ने विषयमा छलफल गर्यौं।"

# ताइपेइले होन्डुरसका लागि आफ्ना राजदूत फिर्ता बोलायो

**एएफपी**

ताइपेइ। ताइवानले होन्डुरसका लागि आफ्ना राजदूतलाई फिर्ता बोलाएको छ। होन्डुरसका विदेशमन्त्रीको चीन भ्रमणको विरोधमा ताइपेइले आफ्ना राजदूतलाई टेगुसिगाल्पाबाट आज फिर्ता बोलाएको हो।

ताइवानसँगको आठ दशकभन्दा लामो कूटनीतिक एवम् मैत्रीपूर्ण सम्बन्धलाई बेवास्ता गर्दै टेगुसिगाल्पाले आफ्ना विदेशमन्त्रीलाई चीन भ्रमणमा पठाएर ताइवानी जनता र सरकारको भावनामा चोट पुऱ्याएकाले त्यसको विरोधस्वरुप आफ्ना राजदूतलाई तत्काल स्वदेश फर्कने आदेश दिइएको ताइवानी विदेश मन्त्रालयले जनाएको छ।

"होन्डुरसको पछिल्लो कदमप्रति कडा असन्तुष्टि व्यक्त गर्न हामीले होन्डुरसमा रहेका हाम्रा राजदूतलाई तत्काल स्वदेश फिर्ता बोलाउने निर्णय गरेका छौं, " ताइवानी विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

होन्डुरसका विदेशमन्त्री एडुआर्डो एनरिके रेना बेइजिङसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने विषयमा वार्ता गर्न चीनतर्फ प्रस्थान गर्नुअघि ताइवानले राजदूत फिर्ता बोलाउने निर्णय गरेको सरकारी अधिकारीहरूले बताएका छन्।

यसअघि विदेशमन्त्री रेनाले देशको बढ्दो आर्थिक समस्याका कारण चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गर्नुपर्ने बाध्यात्मक परिस्थिति उत्पन्न भएको बताउनुभएको थियो। ताइवानले वार्षिक रूपमा प्रदान गर्दै आएको पाँच करोड डलर अनुदानलाई एक वर्ष १० करोड गर्न तथा तिर्न बाँकी रहेको ६० करोड डलर सहुलियत ऋण पुनःसंरचनाका निम्ति गरेको आग्रहप्रति सकारात्मक जवाफ नदिएको उहाँले उल्लेख गर्नुभएको थियो।

होन्डुरसका जनताको आवश्यकतालाई ध्यानमा राख्दै थप महत्वपूर्ण सम्बन्ध प्रस्ताव गरिएको तर ताइवानले त्यसलाई अस्वीकार गरेको उहाँको कथन थियो। मध्यअमेरिकी राष्ट्र होन्डुरस यो क्षेत्रको सबैभन्दा निर्धन मुलुक हो। एक करोड जनसङ्ख्या भएको होन्डुरसमका करिब ७४ लाख जनता गरिबीको चपेटाबाट मुक्त हुन सकेका छैनन्।

होन्डुरसको चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने निर्णय सार्वजनिक हुनेवित्तिकै बेइजिङले त्यसको स्वागत गरेको थियो।

गत बुधबार बेइजिङमा भएको नियमित पत्रकार सम्मेलनमा विदेश मन्त्रालयका प्रवक्ता वाङ बिनले एक चीन सिद्धान्तका आधारमा होन्डुरससहित विश्वका अन्य देशहरूसँग मैत्री एवम् सहयोगात्मक सम्बन्ध विकास गर्न बेइजिङ सधै इच्छुक रहेको बताएका थिए।

राष्ट्रपति जिओमारा क्यास्ट्रोले विदेशमन्त्री रेनालाई जनवादी गणतन्त्र चीनसँग आधिकारिक सम्बन्ध स्थापना गर्न निर्देशन दिनुभएको थियो। राष्ट्रपति क्यास्ट्रोले चुनावी अभियानको क्रममा अघिल्लो साता आफ्नो सरकारले चीनसँग जलविद्युत् बाँध निर्माणका निम्ति वार्ता गरिरहेको घोषणा पनि गर्नुभएको थियो।

होन्डुरस सरकारले ताइपेईसँग आधिकारिक रूपमा सम्बन्ध तोडेको हो कि भन्नेबारे तत्काल टिप्पणी भने गरेको छैन।

यद्यपि बेइजिङको 'एक चीन' सिद्धान्तअनुसार कुनै पनि देशले चीन र ताइवान दुवैसँग आधिकारिक कूटनीतिक सम्बन्ध राख्न सक्दैनन्।



महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिकामा गरिएको गहुँ खेती । तस्बिर : रासस

# वीरगञ्जमा पनि खुल्यो सुपरमार्केट 'भाट-भटेनी'

**अनिल तिवारी**

वीरगञ्ज । मधेश आन्दोलन र कोरोनाको कहर पछि मुलुककै आर्थिक महानगरी वीरगञ्जको आर्थिक गतिविधि पुनः लयमा फर्कन थालेको छ । मुलुककै लाइफ-लाइनको रुपमा चिन्हिएको वीरगञ्जमा सुपर मार्केट भाट-भटेनी बिहीबार देखि संचालनमा आएको छ। मधेश प्रदेशकै पहिलो र नेपालको सबैभन्दा ठूलो मलबजारको रुपमा वीरगञ्जमा आएको छ।



उपभोक्तालाई सबैथोक एकैठाउँमा उपलब्ध गराउने उद्देश्यले २ अर्ब ५० करोड भन्दा बढीको लगानीमा सुरु भएको भाटभटेनी सुपरमार्केटको २४ औं शाखाको रुपमा वीरगञ्जमा संचालनमा आएको छ। अन्तर्राष्ट्रिय स्तरको सपिङ्ग सेवा प्रदान गर्नुका साथै ग्राहकको विश्वास र मन जित्ने भाटभटेनिको वीरगञ्ज मार्केट १ बिग्हा २ कठ्ठामा निर्माण भएको सबै भन्दा ठुलो मार्केट रहेको जनाइएको छ।

मध्य तराई लगायतका सबै जिल्ला लगायत छिमेकी मुलुक भारतका उपभोक्ताहरुलाई समेत लक्षित गरी ठूलो लगानीमा यो मार्केट संचालनमा ल्याइएको भाटभटेनीका अध्यक्ष तथा प्रबन्ध निर्देशक मीन बहादुर गुरुङले बताए।

उनले अधिकतम नाफा आर्जन भन्दापनि ग्राहकको सेवा र विश्वासको उद्देश्यका साथ भाट भटेनीले विभिन्न शाखाहरु विस्तार गरिरहेको बताए । अध्यक्ष गुरुङले वीरगञ्जका अधिकांश उपभोक्ता किनमेलका लागि भारतको रक्सौल जाने गरेको हुँदा उनीहरुलाई लक्षित गरी बजार भन्दा सस्तो मूल्यमा समानहरु भाटभटेनीमा उपलव्ध हुने दावी गरे।

क्षेत्रफलको हिसाबले नेपालका अन्य २३ औं शाखा भन्दा वीरगञ्जको २४औ शाखा सबैभन्दा ठूलो रहेको व्यवस्थापनको दाबी छ। वीरगञ्ज शाखामा २ सय ५० स्थानीयले रोजगारी पाएका छन्। उनीहरुका अनुसार देशभरीका शाखाहरुमा ६ हजार भन्दा बढीले रोजगारी पाएको र सबैभन्दा धेरै महिला कर्मचारीहरु कार्यरत छन्।

स्टोरमा खाद्यान्न, भाँडाकुँडा, खेलौना, लताकपडा, जुत्ता, टिभी, फ्रीज, वाशिङ मेशिनलगायत दैनिक उपभोग्य सबै सामान रहेको छ। साथै फूडकोर्टसहितको पूर्ण वातानुकूलित एवं आकर्षक सजावटसहित एकै स्थानमा अन्तर्राष्ट्रिय ब्रान्डेड सामानहरू पनि उपलब्ध छ।

# नेपाल लाइफको सुनौलो भविष्य



**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल लाइफ इन्स्योरेन्सले 'सुनौलो भविष्य जीवन बीमा' योजना सार्वजनिक गरेको छ । कम्पनीले बिहीबार एक समारोहका बीच उक्त योजना सार्वजनिक गरेको छ।

कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृत अमितकुमार कयालले उक्त बीमा योजनाको सार्वजनिकको अनावरण गरेका थिए। आफू तथा आफ्नो परिवारलाई आर्थिक संकटको सामना गर्न नपरोस् र वृद्ध अवस्थासम्म आर्थिक रूपमा कसैको भर पर्न नपरोस् भन्ने सामाजिक मनोविज्ञानलाई आत्मसात गर्दै एकै बीमा योजनाबाट दुई किसिमको सुविधा उपयोग गर्न पाउने गरी उक्त योजना ल्याइएको कम्पनीले जानकारी दिएको छ।

'सुरक्षा, बचत र पेन्सनको साथ, सुनौलो भविष्यको सुरुवात' नारासहित नेपाल लाइफ सुनौलो भविष्य जीवन बीमा योजना सार्वजनिक गरिएको छ। उक्त बीमा योजनामा सहभागी हुन बीमितको प्रवेश उमेर १८ वर्षदेखि ६५ वर्षसम्म रहने तथा न्यूनतम बीमाशुल्क भुक्तानी अवधि ५ वर्षदेखि ३५ वर्षसम्म हुने कम्पनीले बताएको छ।

उक्त योजनाको न्यूनतम बीमांक रकम २५ हजार रुपैयाँ हुने र अधिकतम बीमांक रकम आयस्रोतको आधारमा निर्धारण गर्न सकिने कम्पनीको भनाइ छ। यो योजनाले न्युन बीमाशुल्कमा बचत र सुरक्षा एकै साथ प्रदान गर्ने कम्पनीको भनाइ छ।

# तीन वर्षमा दोब्बर भयो सार्वजनिक ऋण

**टुडे समाचारदाता**

काठमाण्डु। मुलुकको सार्वजनिक ऋण २० खर्ब ८० अर्ब रूपैयाँ पुगेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रमुख भूमिराज शर्माका अनुसार फागुनमा मात्रै १० अर्ब रूपैयाँ सार्वजनिक ऋण बढेको हो।

हालको अर्थतन्त्रको आकारको तुलनामा ऋणको हिस्सा ४२.८७ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षसम्म नेपालको अर्थतन्त्रको आकार ४८ खर्ब ५१ अर्ब पुगेको छ।

सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण १० खर्ब १० अर्ब २७ करोड छ। बाह्य ऋण १० खर्ब ६९ अर्ब ७८ करोड रूपैयाँ पुगेको छ। पछिल्लो साढे तीन वर्ष अवधिमा सार्वजनिक ऋण दोब्बर बढेको छ।

आर्थिक वर्ष २०७५/७६ सम्म १० खर्ब ४८ अर्ब रूपैयाँको सार्वजनिक ऋण थियो। चालु वर्षको फागुन महिनासम्म २० खर्ब ८० अर्ब पुगेको हो।

आर्थिक वर्ष २०७३/७४ सम्म अर्थतन्त्रको आकारको अनुपातमा २६ प्रतिशत सार्वजनिक ऋण भएकामा अहिले बढेर ४२ प्रतिशत पुगेको छ।




भूकम्पपछिको पुनः निर्माणको क्रममा समग्र पूर्वाधार निर्माण र कोभिडपछि स्वास्थ्य पूर्वाधार निर्माणमा बढी ऋण प्रवाह भएको कार्यालयको भनाइ छ।

के सार्वजनिक ऋण बढी भएको हो?

अर्थविद् डा. विश्वास गौचन अर्थतन्त्रको आकारसँगको अनुपातमा सार्वजनिक ऋण बढी भन्न नमिल्ने बताउँछन्। 'हाम्रा छिमेकीहरूसँग तुलना गर्‍यो भने पनि ती दशेको अर्थतन्त्रको आकारको तुलनामा ५० प्रतिशतसम्म सार्वजनिक ऋण छ हाम्रो ४२ प्रतिशत पुगेको छ,' उनले भने, 'ऋणको अंक बढी नभए पनि वृद्धिदर भने बढी देखिएको छ। अब सजग हुनु पर्ने बेला आएको छ।'

अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक लगायतका निकायहरूले अर्थतन्त्रको आकारको तुलनामा ६० प्रतिशतसम्मको ऋण स्वाभाविक ठान्छन्। तर ऋणको उपयोग कहाँ भएको छ भन्ने विषयले अर्थ राख्ने विज्ञहरूको भनाइ छ।

आन्तरिक ऋण कुन क्षेत्रमा खर्च भएको छ भन्ने हिसाब सरकारले राखेको छैन। बाह्य ऋणमा भने सबभन्दा बढी ७७ प्रतिशत आर्थिक मामिला सडक पूर्वाधार लगायतका क्षेत्रमा खर्च हुन्छ भने ८ प्रतिशत शिक्षा, ७ प्रतिशत स्वास्थ्य प्रतिशत सामाजिक विकास र एक प्रतिशत वातावरण संरक्षणमा खर्च भएको छ।

आठ महिनामा ८० अर्ब साँवा फिर्ता

चालु आर्थिक वर्षको ८ महिनामा ८० अर्ब ४९ करोड साँवा फिर्ता भएको छ। यही अवधिमा सरकारले ऋणको ब्याज स्वरूप ४१ अर्ब ३२ करोड रूपैयाँ भुक्तानी गरेको छ। साँवा र ब्याज भुक्तानीमा करिब एक खर्ब २२ अर्ब रूपैयाँ गएको छ।

फागुनसम्म पाँच खर्ब ८४ अर्ब रूपैयाँ राजस्व उठेको छ। साँवा-ब्याज भुक्तानीमा गएको रकम यो राजस्वको २१ प्रतिशत हो।

# सामसङ ग्यालेक्सी ए ३४ र ए ५४ ५जी नेपाली बजारमा सार्वजनिक हुँदै

**टुडे समाचारदाता**

काठमाण्डु । सामसङ ग्यालेक्सी ए३४ ५जी र ग्यालेक्सी ए५४ ५जीको विश्वव्यापी बिक्री सुरू भएसँगै नेपाली बजारमा पनि प्रवेश पाउने भएका छन्।

नयाँ ग्यालेक्सी ए३४ ५जी र ग्यालेक्सी ए५४ ५जी विश्वव्यापी रुपमा बिक्री सुरू भइसकका छन् र विशेष गरी यसमा भएका तीन लेन्सयुक्त रेअर क्यामरा र नाइटोग्राफी जस्तो मुख्य विशेषताहरूमा पहुँच भएकोले यसप्रति उपाभोक्ताको ध्यान आकर्षित भएको पाइएको छ।



यी दुवै स्मार्टफोनहरू तिनीहरूको प्रारम्भिक लेन्सका साथ केही अपग्रेडका साथ आएका छन्।

ग्यालेक्सी ए३४ ५जी ४८ एमपी प्राइमेरी क्यामरा र २ एमपी म्याक्रो लेन्सका साथ आएको छ भने ग्यालेक्सी ए५४ ५जीमा ५ एमपी म्याक्रो लेन्ससहित ५० एमपी प्राइमेरी रहेको छ।

दुवै फोनहरुमा ८ एमपीको अल्टा वाइड एङ्गल लेन्स जडित छ।

य ी लेन्सहरूले माथि उल्लेख गरिएको नाइटोग्राफी विशेषता, ब्लर कम भएको रात्रीकालीन फोटो/भिडियो, इन्हान्सड ओआइएस, पिक्सेल अटो फोकसका साथ गुणस्तरीय फोटोग्राफी पाउने कम्पनीले बताएको छ।

दुवै ग्यालेक्सी ए३४ ५जी र ग्यालेक्सी ए५४ ५जीलाई १२० हर्जको रिफ्रेस दरमा अपग्रेड गरिएकोले यसमा भएको सुपर एमोलेड डिस्प्लेमार्फत् प्रयोगकर्ताहरूलाई उनीहरूको रोजाइमा ढुक्क हुन कम्पनीले भनेको छ।

यी फोनहरू अतुलनीय रुपमा बलिया र यसका पानी र धुलो प्रतिरोधक आइपी६७ र कर्निङ गोरिल्ला ग्लास ५ सुरक्षण र सामसङको सिग्नेचर नक्स सेक्युरिटीको साथ उपलब्ध रहेको कम्मपनीको भनाइ छ।

ग्यालेक्सी ए३४ ५जी र ग्यालेक्सी ए५४ ५जि मा ५ वर्षको सुरक्षा अद्यावधिक र ४ वर्षको ओएस अपग्रेडहरूको ग्यारेन्टी पनि दिइएको छ। यी विशेषताहरले प्रयोगकर्ताहरूलाई उनीहरूको स्मार्टफोनको जीवनचक्रलाई अधिक बनाउन पछिल्लो सफ्टवेयर र सुरक्षामा पहुँच दिनेछन्।

ग्यालेक्सी ए३४ ५जी र ग्यालेक्सी ए५४ ५जीले यसका प्रयोगकर्ताहरूको जिन्दगीमा अनुपम अनुभूति ल्याउने र अब चाँडै नै नेपालमा सार्वजनिक हुने कम्पनीले बताएको छ।

# अब पेट्रोलको पैसा नगदमा होइन डिजिटल



**टुडे समाचारदाता**

काठमाण्डु । माछापुच्छे बैंकले नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनसँग डिजिटल भुक्तानी सेवा प्रदान गर्ने तथा सचेतना कार्यक्रम सम्बन्धी सम्झौतामा हस्ताक्षर गरेको छ।

उक्त सम्झौतामा नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनको तर्फबाट अध्यक्ष लिलेन्द्र प्रसाद प्रधान तथा माछापुच्छे बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले हस्ताक्षर गरे।

उक्त हस्ताक्षर कार्यक्रममा बैंकका उच्च पदस्थ अधिकारी एंव पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनका पदाधिकारीहरुको उपस्थिती रहेको थियो। सम्झौतापछि नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनसँगआवद्धपेट्रोलपम्पहरूले पिओएस, क्युआरलगायत अन्य डिजिटल भुक्तानी उपकरणको प्रयोग गरी ग्राहकलाई बिक्री गरेको तेल खरिदको भुक्तानी डिजिटल प्लेटफर्म मार्फत सरल र विश्वासिलो तरिकाले लिने सुविधा प्रदान गर्नेछन्।

सम्झौतापत्रमा हस्ताक्षर गर्दै माछापुच्छे बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले ग्रीन इकोनोमीलाई टेवा पुर्‍याउने बैंकको रणनीति अनुरुप बैंकले विभिन्न संघसंस्थाहरूसँग समन्वय गरी डिजिटल कारोबारहरूको सम्झौता गरिरहेको जानकारी दिए।

साथै, उनले वास्तविक रुपमा डिजिटल्ली स्मार्ट बैंक बन्ने दीर्घकालिन लक्ष्यका साथ बैंकले परिमार्जित र परिस्कृत डिजिटल सेवा सुविधाहरू तथा सचेतना कार्यक्रमहरू आफ्ना ग्राहकलाई प्रदान गरिरहेको अवगत गराए।

त्यस्तैगरी, नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनका अध्यक्ष लिलेन्द्र प्रसाद प्रधानले देशको वार्षिक झण्डै २ खर्बको तेल खरिदबिक्री कारोबारलाई डिजिटल कारोबारमा आवद्ध गराउन माछापुच्छे बैंकको पहलले समग्र अर्थतन्त्रको डिजिटल कारोबारमा सहयोग पुग्ने धारणा व्यक्त गरे।

सम्झौतापछि बैंकले विभिन्न चरणमा पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनसँग सम्बद्ध व्यक्ति तथा पेट्रोल पम्पहरुमा डिजिटल सचेतना कार्यक्रमहरू समेत सञ्चालन गर्ने बताइएको छ।

बैंकले देशका ७ वटै प्रदेशमा १६५ शाखा, ११ एक्सटेन्सन काउन्टर, १३३ शाखारहित बैंकिङ सेवा, २०५ एटिएममार्फत १४ लाखभन्दा बढी ग्राहकहरूलाई सेवा प्रदान गर्दै आइरहेको छ।

# नेप्से परिसूचक १८ दशमलव १५ अङ्कले घट्यो

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १८ दशमलव १५ अङ्कले ओरालो लागेर एक हजार नौ सय १५ दशमलब १४ मा सीमित भएको छ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ९० अङ्कले ओरालो लागेर तीन सय ६१ दशमलब ०१ मा सीमित भएको छ।




कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्य घटेको छ । विभिन्न कम्पनीका ४३ लाख ४० हजार दुई सय ७० कित्ता शेयर रु एक अर्ब ४१ करोड ३१ लाख ७२ हजार आठ सय दुई मूल्यमा खरिद बिक्री भएका छन् । बिहीबारको कारोबारमा कारोबार रकमका आधारमा एनआइसी एशिया बैंक शीर्ष स्थानमा छ। बैंकको रु २१ करोड ७४ लाख ६४ हजार आठ सय ६८ बराबरको कारोबार भएको छ। साथै सिद्धार्थ बैंकको रु आठ करोड ३५ लाख ७१ हजार नौ सय ३३, हिमालयन डिस्टिलरीको रु चार करोड ४५ लाख ६३ हजार चार सय ७७, नबिल बैंकको रु तीन करोड ८४ लाख ६९ हजार दुई सय ३८ र शिवम् सिमेन्टको रु तीन करोड ७१ लाख ३९ हजार छ सय ३२ बराबरको शेयर कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार माया खोला हाइड्रोपावर कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । एशिएन हाइड्रोपावर नौ दशमलब ९७, सिद्धार्थ बैंक आठ दशमलब ३४, बोटलर्स नेपाल तराई, पाँच दशमलब २१ र लिवर्टी इनर्जीको चार दशमलब २६ प्रतिशतले शेयर मूल्य बढेको छ।

त्यस्तै, युनिक नेपाल लघुवित्त सात दशमलब ४६, सिर्जनशिल लघुवित्त छ दशमलब ८३, खप्तड लघुवित्त छ दशमलब शून्य दुई, शुभम पावर पाँच दशमलब ७४ र एनआइसी एशिया बैंकको शेयर मूल्य पाँच दशमलब १२ प्रतिशतले घटेको छ।

# रामजान आजदेखि सुरु



टुडे समाचारदाता

जनकपुरधाम । इस्लाम धर्मावलम्बीहरुको सबभन्दा ठूलो पर्व रामजान (रोजा) शुक्रवारदेखि सुरु हुने भएको छ।

खाडी मुलुक सउदी, कतार लगायतका देशहरुमा बिहीवारदेखि नै रोजा सुरु भएपछि शुक्रवारदेखि नेपाल, भारत, पाकिस्तान, बगंलादेश लगायतका दक्षिण एसियामा सुरु हुँदैछ। यता, बिहीवार साँझ चन्द्रमा देखेपछि जनकपुरधामसहित नेपालभरिका मुस्लिम सामुदाय रोजा बस्ने परम्परा रहेको छ । रोजा हरेक मुस्लिम समुदायका बालिग महिला तथा पुरुषमा अनिवार्य गरिएको छ।

इस्लाम धर्मका ५ वटा आधार स्तमभ इमान, नवाज, रोजा, जकात, हज मध्ये रोजा तेस्रो नम्वरको हो । इस्लामिक महिना सवाण समाप्त भई रमजानको पहिलो चन्द्रमा (चाँद) मुस्लिम समुदायले देखे पछि रमजान सुरु भएको छ।

इस्लामिक महिना रमजान महिना भरि अर्थात ३० दिन सम्म मुस्लिम समुदय रोजा गर्छन् । इस्लामिक महिना रमजानको पहिलो चन्द्रमा देखे लगतै शुरु हुने रोजा पर्वमा मुस्लिम समुदायका सम्पूर्ण महिला तथा पुरुषले अनिवार्य रुपमा दिनभरि केही नखाई निराहार व्रत बस्नु पर्ने हुन्छ । रोजा(व्रत) मा बस्नेहरुले सूर्य उदाउनु भन्दा पूर्व र सूर्य अस्ताएपछि मात्र अन्नजल ग्रहण गर्छन् ।

इस्लामिक धर्मग्रन्थका अनुसार रोजा दुई हिजरी सवाण (महिना)को १० तारिक देखि मुस्लिम समुदाय माथि फर्ज अर्थात अनिवार्य गरिएको छ। इस्लामिक धार्मिक गुरुहरुको अनुसार अहिले १४ औ हिजरी चलिरहेको छ। रोजा धनि, गरिव सवैमाथि अनिवार्य छ, यसमा कुनै भेदभाव हुदैन । दिनभरि मजदूरी गर्ने होस वा राजा राजौटा किन नहोस् सबैमाथि रोजा उतिकै लाजिम(अनिवार्य) गरिएको छ । महिला ,पुरुष दुबै वालिग मुस्लिम माथि रोजा अनिवार्य गरिएको मौलाना अहमद हुसैनले जानकारी दिए।

'ऐ इमानबला तिमी माथि रोजा अनिवार्य गरिएको छ, जस्तो की तिम्रो अग्रजहरु माथि अनिवार्य गरिएको थियो, जसलाई तिमीले पनि अपनाउनु पर्ने हुन्छ', पवित्र कुराअन सरिफको दोस्रो हरफमा उल्लेख रहेको मौलना अहमद हुसैनले बताए।

इस्लामिक धर्मगुरुहरुका अनुसार सामूहिक रुपमा रोजा खोल्दा (अन्नजल) धार्मिक हिसावले राम्रो मान्निछ। रमजान महिनामा इस्लामिक क्यालेन्डरको ९ औ महिना हो । यो महिना मुस्लिम समुदायको लागि विशेष महत्व राख्दछ। अन्य महिना भन्दा रमजानमा उपवास तथा दान गर्दा ७० गुणा बढी सवाव (पुण्य) प्राप्ति हुने जनविश्वास छ । रमजानकै २७ तारिखका दिन इस्लाम धर्माबलम्विहरुको सब भन्दा ठूलो धर्मग्रन्थ कुराअन सरिफ नाजिल (अवतरित) भएकाले मोफ्ती असरफ राजा बरकातीले बताए।

यसै महिनामा साढे सात तोला सुन वा साढे ५२ तोला चाँदी तथा त्यति बरावरको सम्पति भएको खण्डमा गरिव विपन्नहरुको लागि अनिवार्य रुपमा जकात अर्थात दान गर्नका लागि साढे दुई प्रतिशतका दरले रकम निकाल्नु पर्ने हुन्छ। यसले गरिव र अशक्तहरुका लागि केही गरौ भन्ने सन्देश दिने गरेको छ। रमजान महिना भरि विशेष रुपमा अल्लाह प्रति समर्पित मुस्लिमले अल्लाहको डर तथा नैतिकताको घेराभित्र मनलाई राख्दै धार्मिक तथा समाजलाई भलोहुने काममा तल्लीन हुन्छन् । अपराधि, अश्लील तथा समाजलाई अहित हुने कार्यहरु यो महिनामा मुस्लिमबाट हुनुहुँदैन । तर अपराधिको कुनै जात हुदैन, अपराधिहरु जात, धर्म, कानून भन्दा वाहिर हुन्छन्।

रमजानको यो विशेषताले सामाजिक विकृति न्यूनीकरण, कानूनी राज्यको सम्मान, सामाजिक विकासमा अग्रता, अपराध नियन्त्रणमा व्यापक सहयोग पुग्ने विश्वास गरिन्छ । एक महिनासम्म रोजा बसेपछि मात्र इदुल फित्र अथार्त इर्द पर्व मनाइन्छ।

# प्रदेश सरकार स्वास्थ्य क्षेत्रको विकास प्रति प्रतिबद्धः मुख्यमन्त्री यादव

टुडे समाचारदाता




जनकपुरधाम। मुख्यमन्त्री सरोजकुमार यादवले मधेश प्रदेश सरकार स्वास्थ्य क्षेत्रको समुचित विकासका लागि प्रतिबद्ध रहेको बताएका छन् ।

मधेशी स्वास्थ्यकर्मी फोरम नेपालले आयोजना गरेको सम्मान कार्यक्रममा उनले सो प्रतिबद्धता व्यक्त गरे। स्वास्थ्यकर्मीहरुको सुविधामा वृद्धि गर्नु पर्ने आवश्यकतालाई ध्यानमा राख्दै स्वास्थ्यकर्मीहरुको समस्या समाधानका लागि समेत प्रदेश सरकारले पहल थालिसकेको उनले जानकारी दिए।

हाल सञ्चालनमा रहेको गाउँपालिकादेखि प्रादेशिक अस्पतालको स्तरोन्नति गर्दै सुधारको प्रक्रियामा अगाडि बढ्नका लागि प्रदेश सरकारलाई स्वास्थ्यकर्मी फोरमबाट सल्लाह सुझावसमेत दिनका लागि आग्रह गरे । प्रदेशका सबै अस्पतालहरुमा स्टार्फ नर्सको अभाव देखिएको प्रति चिन्ता व्यक्त गर्दै उनले भने,'स्टाफ नर्सको अध्ययनका लागि तीन चार ठाउँमा स्टाफ नर्स कलेज संचालन गर्न सक्नु पर्छ ।' मधेश प्रदेश सरकार मातहतमा स्थापना भएको शिक्षण अस्पताल तत्काल सञ्चालन गर्न सरकार गम्भीर रहेको र यसपछि पनि अन्य शिक्षण अस्पताल स्थापना गरेर मधेशमै चिकित्सक उत्पादनमा जोड दिनु पर्छ,र यसको लागि प्रदेश सरकार कटिबद्ध छ।

'मधेश आन्दोलनको बेला मधेशी स्वास्थ्यकर्मीहरुले खेलेको भूमिका अमूल्य रहेको छ ,आन्दोलनकारीहरुकै बलमा संघीयता आएको हो त्यसैले मधेश प्रदेशको लागि स्वास्थ्य क्षेत्र छातीको रुपमा रहेको छ ',उनले प्रष्ट पारे।

आन्दोनलको क्रममा घाइते हुनेहरुको उपचार गरेर स्वास्थ्यकर्मीहरुले ठूलो सहयोग गरेको स्मरण गर्दै उनले भने,'संघीयता आएपछि हेर्ने हो भने पूर्ण रुपमा स्वास्थ्य क्षेत्रमै संघीयताको अनुभूति भएको छ,उपेन्द्र यादव स्वास्थ्यमन्त्री रहेको बेला सातै प्रदेशमा स्वास्थ्य विभागलाई विकेन्द्रीकरण गरेका थिए त्यसैले संघीयता र स्वास्थ्यकर्मीको नंग र मासुको सम्बन्ध रहेको मेरो अनुभव छ।'

सामाजिक विकास मन्त्रालय हाम्रै रहेको भन्दै उनले स्वास्थ्य क्षेत्रमा व्यापक सुधार गर्न सकिने अवस्था रहेकोले गाउँपालिकादेखि प्रादेशिक अस्पताललाई गुणस्तरीय र सेवामुखी बनाउन ईमान्दारीका साथ काम गर्न स्वास्थ्यकर्मीहरुलाई मुख्यमन्त्री यादवले आग्रह गरे।

कार्यक्रममा मधेश प्रदेशका अर्थमन्त्री संजय कुमार यादवले मधेशीहरुले विगतको आन्दोलनबाट थुप्रै प्राप्त गरेको र अझै पनि धेरै प्राप्त गर्न बाँकी रहेको बताए । उनले मधेश आन्दोलन सफल पार्ने फोरम नामलाई अझै क्रान्तिलाई प्रतिविम्वित गर्ने काम गरेको स्वास्थ्यकर्मी फोरमको योगदानलाई कदापि बिर्सन नसकिने बताए।

देशमा संघीय संसदको संरचनामा अझै पनि प्रतिगमनकारी शक्तिको उपस्थिति रहेको बताउँदै मन्त्री यादवले भने,'निकट भविष्यमा देशको राजनीति दुई कित्तामा विभाजन हुने अवस्था छ एक तर्फ परिवर्तनकारी शक्ति र अर्को तर्फ प्रतिगमनकारी शक्ति।'

'सदनमा रहेका थुप्रै दलहरुलाई संघीयता अपच भएको छ,थुप्रै दलहरुलाई राजतन्त्रको मोह छ उनीहरुले संघीयता चाहेकै छैन त्यसैले मधेशी जनता अझै सजग र सचेत हुनु जरुरी रहेको उनले प्रष्ट पारे । झापामा पुगेर राजा संग वार्ता गर्ने र देशको लागि आगामी पार्टीको कार्यनीति तयार पारिने काम भइरहेको परिस्थिति रहेको बताउँदै मन्त्री यादवले जुन सुकै क्षेत्रका मधेशी आधिकारमा लागेकाहरु सचेत भइ अगाडि बढ्नु पर्ने आवश्यकता औंल्याए।

स्वास्थ्य क्षेत्रको विकासकालागि मात्र होइन ,मधेशी जनताको हकअधिकार तथा समृद्धिका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको मन्त्री यादवको कथन थियो।

कार्यक्रममा सामाजिक विकास मन्त्री सुरिता साहले स्वास्थ्यकर्मीहरुको योगदानबारे शब्दमा चर्चा गर्न नसकिने बताइन् । उनले सामाजिक विकास मन्त्रालय स्वास्थ्य क्षेत्रको सुधारका लागि प्रतिबद्ध रहेको उल्लेख गरिन्।

मधेशी स्वास्थ्यकर्मी फोरमका केन्द्रीय अध्यक्ष बालकिशोर प्रसाद यादवको सभापतित्वमा भएको सो कार्यक्रममा प्रदेशका विभिन्न जिल्लाका स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो।

# समाजवादी नेतृत्वको संयुक्त प्यानल विजयी



टुडे समाचारदाता

राजविराज । राजविराज स्थित महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) सभापतिमा जनता समाजवादी पार्टी निकटका समाजवादी विद्यार्थी युनियनका रञ्जितकुमार यादव निर्वाचित भएका छन।

यहाँ युनियनले लोसपा निकटको लोकतान्त्रिक विद्यार्थी संघ तथा माओवादी निकटको अखिल क्रान्तिकारी संग गठबन्धन गरेका थिए । उनी सहित युनियन गठबन्धनको प्यानल नै निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ।

सभापति पदमा यादवले ४ सय २३ मत प्राप्त गरे भने निकटतम प्रतिस्पर्धी एमाले निकट अनेरास्ववीयुका सभापति पदका उम्मेदवार रञ्जित कुमार साहले १ सय ९९ मत प्राप्त गरे। यहाँ एमाले निकटको अनेरास्ववीयु र एकीकृत समाजवादी निकटको अनेरास्ववियूले तालमेल गरेका थिए भने कांग्रेस निकटको नेविसंघ र जनमत पार्टी नेतृत्वको विद्यार्थी जनमत संघ एक्ला एक्लै प्रतिस्पर्धामा उत्रेका थिए।

नेविसंघका सभापतिका उम्मेदवार महेश कुमार यादवले ९० मत तथा विद्यार्थी जनमत संघका सभापति पदका उम्मेदवार राजभजन मण्डलले ७२ मत प्राप्त गरे।

क्याम्पसमा १ हजार ९ सय १४ मतदाता रहेकोमा ८ सय ३० मत मात्र खसेको थियो। मतदान गत आईतवार नै सकिए पनि नेविसंघ, विद्यार्थी जनमत संघ र अनेरास्ववियू लगायतका विद्यार्थी संगठनले मतदानमा धाधँली भएको आरोप लगाउँदै पुनः निर्वाचन गर्नु पर्ने अडान लिएपछि मतगणना कार्य रोकिएको थियो। तर त्रिभुवन विश्वविद्यालयको विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयले बुधवार एक पत्र पठाई अर्को निर्वाचन नगराई सम्पन्न भईसकेको निर्वाचनको मतगणना प्रक्रिया अघि बढाउन पत्राचार गरेपछि बुधवार साँझ देखि मतगणना सुरु गरिएको थियो।

मतगणना प्रक्रियामा भने पुनः निर्वाचनको माग गर्दै आएका विद्यार्थी संगठनका कुनै पनि प्रतिनिधि सहभागी भएका थिएन् । मतगणना भईरहँदा क्याम्पस गेट बाहिर उनीहरुले मतगणना रोक्न माग गर्दै दिनभर प्रदर्शन गरिरहे । तर कडा सुरक्षाबीच मतगणना सुरु गरी बिहीवार विहान अन्तिम नतिजा निर्वाचन अधिकृत राम अशिष यादवले सार्वजनिक गरेका छन्।

यता निर्वाचनमा धाँधली भएको भन्दै पुनः निर्वाचनको माग गर्दै आएका नेविसंघ, अनेरास्वविवु र जनमत विद्यार्थी संघले निर्वाचन परिणाम कुनै पनि हालतमा स्वीकार्य न हुने स्पष्ट पारेका छन्। बिहीवार ती संगठनहरुले संयुक्त प्रेस विज्ञप्ती जारी गर्दै धाँधलीपूर्ण र एकपक्षीय ढंगले वलजफती गराइएको निर्वाचन र मतगणना स्वीकार नभएको जनाएको छ।

नेविसंघका जिल्ला अध्यक्ष राकेश ठाकुर, विद्यार्थी जनमत संघका जिल्ला अध्यक्ष राजाकुमार साह, अनेरास्ववियुका जिल्ला सदस्य शालीग्राम यादव तथा अन्य विद्यार्थी नेताको हस्ताक्षरमा जारी संयुक्त विज्ञप्तिमा एक पक्षलाई जिताउने गरी धाँधली पूर्ण तरिकाले गरिएको निर्वाचन तत्काल खारेज गरी अर्को चुनाव गर्नु पर्ने माग गरिएको छ । पुनः निर्वाचन नगराइए आन्दोलन चर्काउने चेतावनी समेत दिइएको छ।

क्याम्पस प्रशासनले भने त्रिभुवन विश्वविद्यालयको विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयको पत्र र निर्देशन अनुसार मतगणना कार्य सम्पन्न गरिएको र कुनै धाँधली नभएको दाबी गरेको छ । तर निर्वाचनले विद्यार्थी संगठनबीच बढेको विवाद र दुरीले आगामी दिनमा क्याम्पसको शैक्षिक वातावरण थप तनावग्रस्त बन्दै जाने सरोकारवालाले अनुमान गरेका छन्।

# वन संरक्षणकर्मी यादब जसपा प्रवेश

टुडे समाचारदाता



बारा । लामो समय नेकपा एमाले पार्टीमा बिताएका मधेश प्रदेश कमिटी सदस्य राजदेव प्रसाद यादब जनता समाजवादी पार्टी( जसपा) मा प्रबेश गरेका छन्।

जसपाको केन्द्रीय कार्यालय बालकुमारी काठमाण्डुमा आयोजना गरिएको एक कार्यक्रमकाबीच जसपाको केन्द्रीय अध्यक्ष उपेन्द्र यादबले राजदेव यादबलाई जसपामा प्रबेश गराएका छन्।

निजामती सेवामा रहँदा एमाले निकट कर्मचारी सङ्गठनमा रहेका यादब वन तथा बाताबरण बिभागका केन्द्रिय सदस्य थिए । बि.स.२०३५ साल देखि माले हुँदै एमालेको बिभिन्न संघसङ्गठनमा सक्रिय यादब बाराको सुवर्ण गाउँपालिका वडा नं.२ कबही गोठ निवासी छन्। नेकपा एमाले नीति र बिधान अनुरुप चल्ने नसकेका कारण आफनो सही मुल्याङ्कन हुन नसक्दा पार्टी परित्याग गरेको यादबले बताए।

जसपा अध्यक्ष उपेन्द्र यादब बारा क्षेत्र नं.२ मा हुने उप निर्वाचन लड्ने तयारीमा छन् । राजदेव प्रसाद यादबले बारा क्षेत्र नं.२ मा जसपा अध्यक्ष यादब लड्ने तयारीमा छन् । उनलाई नै आफूले निर्वाचनमा सहयोग गर्ने बताए।

यता, शनिवार बारामा उपेन्द्र यादवको प्रमुख आतिथ्यमा मधेश प्रदेश स्तरीय प्रवेश कार्यक्रम रहेको जनाइएको छ।

# पंकजलाई छाड्न आदेश

टुडे समाचारदाता



जनकपुरधाम । उच्च अदालत जनकपुरले दाइजोसम्बन्धी कसूरमा महोत्तरीको रामगोपालपुर नगरपालिका- ५ का डा. पंकज चौधरीलाई धरौटीमा रिहा गर्न आदेश जारी गरेको छ। अदालतले उनलाई तीनलाख रुपैयाँ धरौटीमा थुनामुक्त गर्न आदेश दिएको छ।

न्यायाधीशद्वय विष्णु कोइराला र रामेश्वर रेग्मीको संयुक्त इजलासले बिहीबार धरौटी लिएर रिहा गर्न आदेश दिएको राजिष्टार खड्गराज अधिकारीले जानकारी दिए।

पुस २२ गते जिल्ला अदालत महोत्तरीको आदेशमा डा.चौधरीलाई पुर्पक्षकालागि जेल चलान भएका थिए।

दाइजोका कारण घरेलु हिंसामा परेको भन्दै पंकजकी श्रीमती महोत्तरीकी औरही नगरपालिका -१ माइत भएकी २१ वर्षीया नेहा चौधरीले दाइजोसम्बन्धी कसूर मुद्दा दायर गरेकी थिइन्।

तीन वर्षको प्रेमसम्बन्ध पश्चात २५ फागुन २०७८ मा नेहा र पंकजबीच सामाजिक परम्परा अनुसार जनकपुरधामको राजदरबार होटेलमा विवाह सम्पन्न भएको थियो । विवाहको चारमहिनापछि श्रीमान श्रीमतीबीच विवाद उत्पन्न भएको थियो।

नेहाले दाइजोमा पंकजले काठमाण्डुमा घर किनिदिन भन्दै आफूलाई यातना दिइरहेको आरोप लगाउँदै आएकी छन्। पंकजले भने आफूमाथि लगाएको आरोप निराधार रहेको दाबी गर्दै आएका छन्।

दाइजो सम्बन्धीको कसुरमा मुद्दा परेपछि फरार रहेका पंकजका बुबा ६० वर्षीय रामप्रवेश चौधरी पनि पुर्पक्षका लागि गत फागुन ३० गत जलेश्वर कारागार चलान भएका छन्।

# इन्टर कलेजको उपाधि मोनाष्टिकलाई




टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाममा सम्पन्न फेनिक्स अन्तर कलेज स्तरीय क्रिकेट प्रतियोगिताको उपाधि मोनाष्टिक कलेजले जितेको छ। विहीबार बाह्रविघा मैदानमा भएको फाइनल खेलमा एक विकेटले विपी मिमोरियल कलेजलाई पराजित गर्दै उपाधि जितेको छ।

टस जितेर विपी मिमोरियलका खेलाडी सुरुमा ब्याटिङ रोजेका थिए। यस टिमका खेलाडीहरु १९ ओभर चार बलमा सबै विकेट गुमाएर मोनाष्टिक समक्ष एक सय एक रनको लक्ष्य प्रस्तुत गरेका थिए । विपीका लागि पवन सर्राफले ३२ र केशव झाले २१ रन जोडेका थिए । मोनाष्टिकका लागि सिद्धान्त लोहनीले उत्कृष्ट बलिङ गर्दै चार ओभरमा मात्र १३ रन खर्चेर चार विकेट लिए भने रुपेश सिंहले एक मेडन सहित चार ओभरमा मात्र सात रन खर्चेर दुई विकेट लिएका थिए।

प्रतिउत्तरमा मोनाष्टिकले १८ ओभर चार बलमा ९ विकेट गुमाएर लक्ष्य पूरा गरेका थिए । विपीका लागि रञ्जित यादवले २२ र सिद्धान्त लोहनीले २१ रनको योगदान दिए । विपीका लागि बलिङ गरेका पवन सर्राफले २ र राहुल प्रसाद चौधरीले दुई विकेट लिए। यस खेलको म्यान अफ दी म्याच मोनाष्टिकको तर्फबाट सिद्धान्त लोहनी घोषित भए।

प्रतियोगिताको एमर्जिङ प्लेयर मिट कलेजका तेजस मण्डल, बेस्ट बलर र म्यान अफ द सीरिज विपीका अखिलेश ठाकुर भएका थिए। समग्र प्रतियोगितामा ठाकुरको प्रर्दशन उत्कृष्ट भएको आयोजक संस्थाले औल्याएका छन् । यस्तै, वेस्ट किपर राजर्षी क्याम्पसका अकबर अलि, क्याच अफ द टुर्नामेन्ट विक्रान्त यादव, वेस्ट फिल्डर नागेन्द्र अधिकारी र फेयर प्लेयर मिट कलेजका खेलाडीलाई दिइएको थियो।

सचेत रही ग्याँसको प्रयोग गरौं, दुर्घटनाबाट बचौं ।

- ग्याँसको चुल्हो बालेर भान्सा छाडी टाडा नजाऔं।
- प्रयोग गरिसकेपछि ग्याँसको चुल्हो र रेगुलेटर बन्द गरौं।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं।
- ग्याँस सिलिण्डर, रेगुलेटर र पाइप समय-समयमा जाँच गरौं, कुनै खराबी वा टुटफुट भए तुरुन्त फेरौं।
- ग्याँस सिलिण्डर लिँदा सिल भए/नभएको तथा सिलिण्डरको समयावधि अनिवार्यरुपमा हेर्ने गरौं।
- तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर घरमा नल्याऔं।
- ग्याँस गन्हाएको बेला बिजुलीको स्वीच, सलाई, लाईटरको प्रयोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८